नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६५ ज्या:पुन्ही- ज्येष्ठ पूर्णिमा वर्ष ३६ अंक २
बु.सं. २५५२ ने.सं. ११२८

**The Ananda Bhoomi (Year 36, Vol. 2)**
**A Buddhist Monthly : Jun/July 2008**

*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (अध्यक्ष, आ.कु.वि.गुठी)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.गुठी)

*व्यवस्थापकहरू:*
भिक्षु अस्सजि, भिक्षु पियदस्सी, श्रामणेर अशोक
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी:*
जोतिक, मिलन, सुमेध
जुजुभाई तुलाधर (कालोपुल), संघरत्न शाक्य (फसिकेब)

*आवरण सज्जा:*
फल समान शाक्य, उकुबहाल (यतालिवि)

*भित्रि सज्जा:*
रवि, धर्मदूत

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*सम्पादन सहयोगी:*
जनक

*सम्पादक/ प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*
बुद्धजयन्ती समारोह समिति (श्रीघ:), भिक्षु मैत्री महास्थविर (लुम्बिनी), भिक्षु बोधिज्ञान, भिक्षु पदुम, भिक्षु मिलिन्दो, श्रामणेर कुमारजीव, हरिगोपाल महर्जन, श्रामणेर उदेन, अ. इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी बज्राचार्य, शाक्य वाच शप-बनेपा सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेणी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बागलुङ्ग), विजय गुरुङ्ग (लमजुङ्ग), शेखर शाक्य (नारायणगढ)।

*मुद्रण:*
सुप्रवाह प्रकाशन प्रा. लि. - ४२८०६१४, ४२७३९८३

*प्रकाशक:*
आनन्दकुटी विहार गुठी
आनन्द कुटी विहार, स्वयम्भू, फोन: ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



यथागारं दुच्छन्नं-वुट्ठी समतिविज्झति ।
एवं अभावितं चित्तं-रागो समतिविज्झति ॥
नराम्रोसित छाएको छानाबाट पानी चुहेझैं
राम्रोसँग नबाँधेको चित्तमा राग चुहिन्छ ॥
- धम्मपद

यथागारं सुच्छन्नं-वुट्ठी समतिविज्झति ।
एवं सुभावितं चित्तं-रागो न समतिविज्झति ॥
जस्तो राम्रोसँग छाएको छानाबाट पानी
चुहिँदैन त्यस्तै शुद्ध चित्तमा राग चुहिँदैन ॥
- धम्मपद

सम्पर्क कार्यालय
आनन्द भूमि
आनन्द कुटी विहार गुठी, पो.ब.नं. ३००७, काठमाडौं ।
फोन: ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रू १५०/- एकप्रति रू १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं

गताङ्कमा प्रकाशित




## पशुया बिलौना

*भिमबहादुर नकर्मी, बलम्बु*

म्हाःम्हाः धाः सां साला यंकी,
मवँसा हानं जितः दाया यंकी ।
धिक्कार हरे ! पशुया जुनी,
दया माया ला सुइकें हे मदु खनी ।

मानव धाःपिं थन हरे ! गजापिं,
करुणा धैगु ला भ्याः हे मदुपिं ।
संसारया धर्म थन्योगु खनी,
जितः नकातैगु ला स्यायेत खनी ।

संसार धैगुला स्वार्थ खनी,
जितः ल्होंक नकातः गु जिगु ला नयेत खनी ।
सासाथें सायेका च्वनेमाः गु जुनी,
हाः साँ ख्वःसाँ फुइगु जुल जुनी ।

काय् थें जितः लहिना तल धन्ने खनी,
जिगु साहारा थन सुं हे मदु खनी ।
नाता कुटुम्ब सकलें सःता च्वनी,
जितः स्यानाः ला इना नई खनी ।

## विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सम्पादकीय | | ३ |
| २. | गुलुपातं छु धया च्वन भीत ? | - डा. गणेश माली | ४ |
| ३. | लुम्बिनी-दर्शन | - भिक्षु अश्वघोष | ५ |
| ४. | Good Governance for A Good society | Ven. Dr. Thich Nhat Tu | ७ |
| ५. | मिथ्यादृष्टि सबैभन्दा ठूलो शत्रु | - शिशिर चित्रकार | ९ |
| ६. | बुद्धजयन्ती, चण्डीपूर्णिमा र महापरिनिर्वाण दिवस | - विश्व शाक्य | ११ |
| ७. | असङ्खे□य | - भिक्षु सरणंकर | १४ |
| ८. | नवगठित भिक्षु महासंघलाई हार्दिकपत्र | - जनक | १६ |
| ९. | लोकतन्त्र विकसित गर्न नेताहरूसँग धर्मचित्त जरूरी | - लोकबहादुर शाक्य | १७ |
| १०. | ईश्वर □बाल अन्धविश्वास□ होः आइन्स्टाइन | - एएफपी | १८ |
| ११. | बुद्धजयन्तीको लागि वामीटक्सार जाँदा............ | - श्रामणेर पुण्यवन्तो | १९ |
| १२. | बुद्ध तिम्रो खँचो छ | - उर्मिला सापकोटा (शाक्य) | २० |
| १३. | Donation after the Death | – Prof. Suwarna Shakya | २१ |
| १४. | बौद्ध गतिविधि | | २३ |

# सम्पादकीय

## युगान्तकारी परिवर्तनसँगै अगाडि बढौं.........



समय अत्यन्त बलवान एवं शक्तिशाली हुन्छ । समयको गतिसँगै हरपक्ष परिवर्तित हुदै गतिशील तवरले अगाडि बढीरहेको हुन्छ । आज बुद्धजन्मभूमि राष्ट्र नेपालको सम्पूर्ण अनुहार नै परिवर्तन हुँदैछ । एक युगमा एकचोटी आउने संविधान सभाले अन्ततः १५ जेठ, २०६५ का दिन संविधान सभाको पहिलो बैठकले- "सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी नेपाल आजकै मितिदेखि एक संघीय, लोकतान्त्रिक गणतन्त्रमा विधिवत परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषण गर्दछ ।" युगान्तकारी घोषणा गरी त्यसलाई व्यवहारतः लागू गर्ने युगान्तकारी कदम चालियो । सदियौ देखि नेपाल राष्ट्रमा कायम हुदै आएको राज्यप्रणाली, राज्य-व्यवहार, राजसंस्था लगायत राजकीय शासन व्यवस्थाकै पूर्णत अन्त्य भएको छ । युगान्तकारी परिवर्तनसँगै अब राज्य, राज्यसत्ता एवं सम्बद्ध समाज, धर्म, साँकृति, वर्ग, जातीयता, लैङ्गिक क्षेत्रीयलगायत सम्पूण क्षेत्रमा परिवर्तन हुनु पर्छ, परिवर्तन गरिनु पर्छ अनि मात्र युगान्तकारी परिवर्तनको अनुभूति सबैले गर्न पाउने हुन्छन् ।

अन्तरिम संविधान २०६३ ले मार्गप्रशस्त गरिदिएअनुरूप सोही संविधानमा उल्लेख "नेपाल धर्मनिरपेक्ष राष्ट्र हुनेछ", "नेपाल एक स्वतन्त्र अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो", "राज्यले नागरिकहरूको बीच धर्म, वर्ण र जातजाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन" भन्ने जस्ता धाराहरू अब संघीय गणतन्त्रात्मक धर्मनिरपेक्ष राष्ट्रमा परिणतसँगै यथार्थ सम्बन्धित प्रशासनिक निकायबाट के कसरी कुन रूप र कुन तवरबाट लागु हुँदैजान्छ, त्यसतर्फ सबैको ध्यान केन्द्रित हुनु स्वाभाविक नै हो । विगतमा धार्मिक स्वतन्त्रताको मुद्दासँगै हिन्दुराष्ट्र हुनुहुदैन, कसैलाई काखा कसैलाई पाखा लगाउने संकुचित तथा स्वार्थजन्य मानसिकताले अभिप्रेरित राज्यको असमान, व्यवहार अन्त्य हुनुपर्छ भन्ने अग्रपन्थीमा हामी बौद्धहरू नै थियौं भने आज हाम्रो जायज मागअनुरूप संविधानतः धर्मनिरपेक्ष राष्ट्र घोषणा भैसकेको छ भन्दै मुट्ठी बाँधी चुप लागेर बस्ने हो या अन्य गतिविधि संचालन गर्दै जाने हो यतातिर हाम्रो ध्यानाकृष्ट कहिले हुने हो यो सोचनीय विषय हो ।

भनिन्छ, धर्मनिरपेक्ष राष्ट्र घोषणाले प्रत्यक्षत : सबैभन्दा ठुलो लाभ त्रिश्चियन धर्मविलम्बीहरूलाई हुनेछ । श्रोत-साधनसम्पन्नताका कारणले पनि क्रिश्चियन समुदाय आफ्नो परिसरभन्दा बाहिर जनसामु भिज्दैजान अत्याधुनिक सोच, सामग्री एवं प्रचार विधिसहित गतिशील रूपमा संचालित छन्, परिचालित हुँदैछन् । अझ सामुहिक रूपमा साँगठनिक तवरबाटै राज्यको संयन्त्रभित्र आफूहरू समाहित हुँदैजाने नीतिनिर्माण तहसम्म प्रवेशका लागि सक्दो, हुनेसम्म कार्यनीति अवलम्बन गरिदैछ । यो आफ्नो ठाँउमा सफलतम रणनीति हुनसक्छ । तर क्रिश्चियनसँगै मुसलमान समुदाय पनि चनाखो भई गतिशील रूपले नीतिगत रूपमा अगाडि बढीरहेको थाहा हुन्छ भने बौद्धहरूबाट पनि विगतमा आफूहरूले जुन अभिप्राय र उद्देश्य राखी धर्मनिरपेक्ष राष्ट्र हुनुपर्छ भनी नारा बुलन्द गरिएका हुन्, आज धर्मनिरपेक्ष प्राप्ति सँगै त्यही अभिप्राय एवं उद्देश्य परिपूर्तिका लागि आवश्यक पहलकदम गरिएको पाइदैन । धमेदिय सभाजस्तो राष्ट्रिय एवं अर्न्तराष्ट्रिय बौद्ध संस्थाले पनि एउटा सानो चियापानको आयोजना गरी खुशीयाली मनाएको कतिको मनासीब हो । यसमा सम्बद्ध पक्षको ध्यानाकृष्ट हुनुपर्छ ।

के धर्मनिरपेक्ष राष्ट्र घोषणा हुदैमा हामीलाई सबथोक पुगेकै हो त ? बुद्धजन्मभूमि राष्ट्र नेपालमा बुद्ध, बुद्धधर्म, बौद्धसंस्कृति, इतिहास, दर्शन, पुरातत्व आदि सबैपक्षको विकास एवं संवर्द्धन र संरक्षणका लागि के कस्ता व्यवस्था हुने हो त्यतातिर बहससँगै भावी संविधानमै स्पष्ट हुने गरी किटान गराउने तर्फ नीतिगत रुपमै पनि हामी चनाखो हुनैपर्छ । संघीय राज्य प्रणाली अन्तर्गत हामीले धार्मिक रूपमा पाउनुपर्ने सम्पूर्ण अधिकारको सुनिश्चितका लागि हामी सबैले साचौं, त्यही अनुरूप जुटेर धर्मनिरपेक्ष राष्ट्रमा बौद्धहरूको समग्र अधिकारको सुनिश्चिताका लागि उचित पहल गरौं, गराऔं ।

## नेपालको पहिलो बौद्ध मासिक पत्रिका "आनन्द भूमि"लाई यसरी सहयोग गरौं :

- यहाँहरूबाट सक्दो कुनैपनि सहयोग गर्नुहोस् ।
- लेखक वर्गले बुद्ध, बुद्धधर्म, बौद्ध संस्कति एवं दर्शन, साहित्य र इतिहास, धार्मिक तथा सामाजिक परिवर्तन विषयक जानकारीमूलक, खोजअनुसन्धानमूलक, सृजनात्मक लेख, रचना, कथा, निबन्ध, कविता आदि पठाऔं (प्रकाशित लेखरचनासम्बन्धी जिम्मेवारी स्वयं सम्बद्ध लेखकनै हुनेछ ।) ।
- आ-आफ्ना क्षेत्रहरूमा हुने भएगरेका गतिविधिलाई समयमैं फोन, फ्याक्स, पत्राचार, ईमेलबाट जानकारी गराऔं ।
- निरन्तर सम्पर्कमा रही सल्लाह, सुझाव तथा रचनात्मक प्रतिक्रियाद्वारा सूचित गरौं ।
- वार्षिक ग्राहक भएर, अरूलाई ग्राहक बनाउने र ग्राहक हुन प्रेरित गरौं ।
- उद्योगपति तथा व्यापारी वर्गबाट आफ्नो व्यावसायिक विज्ञापन उपलब्ध गराऔं ।
- श्रद्धालुहरूबाट शुभकामना, श्रद्धाञ्जली तथा अन्य विशेष उपलक्ष्यका अवसर पारी विज्ञापन उपलब्ध गराऔं ।

सम्पर्क :

आनन्द भूमि

**आनन्द कुटी विहार गुठी**

**पो.ब.नं. ३००७, काठमाडौं । फोनः** ४२७१४२०, E-mail : anandakutivihar@ntc.net.np

लेख, रचना, समाचारका लागि यसमा पनि सम्पर्क गर्न सकिने :

बुद्ध विहार भृकुटीमण्डप

पो.ब.नं. ९९३, काठमाडौं । फोनः ४२२६७०२, E-mail : sukhi@ntc.net.np

# गुलुपातं छु धयाच्वन भीत ?



■ डा. गणेश माली

**न्हयसः (जिगु)**

"गुलुपाः गुलुपाः कनाव्यु जितः नं
छु जक खँ दु खः छँ नुगले ?"

**लिस : (गुलुपाः या)**

"(१)

बुद्धयात अले भिक्षुपिंत नं
गुलुपाः माः खः अन्न तयेत
अन्न मतयेकं दै मखु शक्ति,
अन्न नयाः हे ज्या याये फैगु
नयेगु हे खः बाँलाक म्वायेत,
मखु म्वायेगु नयेत हे जक

(२)

गुलि तयाबिल श्रद्धाँ गुलुपाते
सन्तोषी जुइ सयेकी उलिहे,
सन्तोषी जुइ सदाँ सुखी
असन्तोषी सदाँ दुःखी ।

(३)

इमू, चखुँ, को, गल्ली खिचा नँ
कन्हे छु नये गन च्वने मधाः
छ मनू जक छाय् राग मिं पुकाः
ब्वाय् ब्वाय् जुयाच्वना धन्दा कया ?
सन्तोषी जुइ सयेकि मनू ।

(४)

"लुँया गुलुपा : नं च्वीका छ्वल स्व,
नेरञ्जरां खुसी सिद्धार्थं,
लुँ व चा नं समानं खंकि
भिंगु ज्या यायेबले, मनू ! "

# लुम्बिनी-दर्शन



■ भिक्षु अश्वघोष, लुम्बिनी

८० वर्षको उमेरमा बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनुभयो । परिनिर्वाण हुन अगाडि शिष्य भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो- "हे ! भिक्षुहरू, भोलि कालान्तरमा चारवटा स्थल हुनेछ । श्रद्धालुहरूका लागि दर्शनीय स्थल हुनेछ, संवेगनीय स्थल हुनेछ । ती हुन्- बुद्धजन्मस्थल लुम्बिनी, बुद्धत्व ज्ञानप्राप्तिस्थल बुद्धगया, प्रथमवार धर्मचक्र प्रवर्तन स्थल सारनाथ तथा महापरिनिर्वाण प्राप्तस्थल कुशीनगर ।"

गौतम बुद्धको जन्मभूमिबाहेक अन्य तीनवटा संवेगनीय स्थल भारतमा अवस्थित रहेको छ । म लुम्बिनी आइबसेको तीनमहिना भयो । माघ महिनामा जंगल घाँसविरूवा आदि प्राय सबै सुकेको देखें । बसन्त पञ्चमी सँगै घाँसपात-बोटविरूवा रूख सबैले पुनर्जीवन पाएसरी हरियाली छाएको देख्दा रमाइलो भयो, मन नै आनन्द भयो । त्यसो त लुम्बिनी-दर्शन कयौंचोटी नगरिएको होइन तरपनि अब त पुग्यो भन्न सकिएको थिएन । यसपालि किन हो कुन्नि ? कता कता मलाई लुम्बिनीमा अलि धेरै मनग्गे बसी-घुमी दिन काट्ने भावना उब्जिएको छ । साथै एकान्तमा ग्रन्थ अध्ययन गर्ने, एकान्तमै केही लेख्ने सोचसँगै दिन काट्दैछु । सत्यनारायण गोयन्काकै पाँचवटा पुस्तक पढ्न भ्याइसकें भने मिलिन्द प्रश्न ग्रन्थ माथिदेखि तलसम्म आद्योपान्त पढिसकें । जे होस् अझबढी मन प्रफुल्लित भएको छ, चित्त प्रसन्नतामा प्रतिष्ठित रहेको छ, शान्त-सौम्य तथा आनन्दपन छाएको छ । "बुद्ध र सँस्कृति" विषयक छुट्टै पुस्तक तयार भैसकेको छ, यस उपलब्धिले पाठकहरूलाई थप लाभ हुनेछ ।

हुन त म माघमहिनाको तेश्रोहप्तातिर लुम्बिनी पुगेको थिएँ, एकान्तमा रहेको शाक्यमुनि विहारमा बसें । यस विहार दिवंगत भिक्षु विमलानन्द महास्थविरले स्थापना गर्नुभएको थियो । यस विहार मायादेवी मन्दिरबाट साढे दुई कि.मि. टाढा (अगाडि) अवस्थित रहेको छ । जलपान-भोजनका लागि नेपाल राजकीय विहारमा जाने गरेको छु । यसलाई अभिनव बुद्ध विहार पनि भनिन्छ । यो विहार मायादेवी मन्दिरसँगै परिसरभित्र रहेको छ जहाँ म सँधै विहान सबेर ६ बजे शाक्यमुनि विहारबाट साढे दुई कि.मि. पैदल गई जलपानको लागि जानेगर्दछु । हिंडेर जाँदा कहिले ४५ मिनेट लाग्छ त कहिले आधा घण्टामै पुग्छु । सधैंजसो मायोदवीसँगै रहेको पोखरी, पोखरीसँगै जोडिएको बृक्षमुनि बस्छु अनि त्रिरत्न-वन्दना तथा पाँचवटा परित्राण-पाठ गर्ने मेरो विहानी-चर्या भएको छ । विहानी-चर्याले मन अति नै आनन्दित हुन्छ, मन हलुङ्गो र धर्मप्रतिको अनुभूति प्राप्त हुन्छ । त्यसो त डाक्टर साहेबले हिंड्नु पर्छ भनी सुझाव दिनुभएझै दिनमा ५ किलोमिटर हिंडिरहेको छु । तर यहाँ गर्मी चढेको छ, बढी गरमले गर्दा घुमफिर गर्ने कम हुँदैछ, लामो हिंडाइमा कमी आएको छ । हप्तामा तीनदिनको भोजन गौतमी विहारबाट शाक्यमुनि विहारमै पुऱ्याइदिने गरेको छ भने बाँकी चारदिनका लागि विहानीको जलपानसँगै राजकीय विहारबाट खानदानी र थर्मसमा राखी आफूसँगै शाक्यमुनि विहारमा ल्याउने गरिरहेको छु ।

सधैं मायादेवी मन्दिर परिसरभित्र बसिरहँदा श्रीलंका, म्यानमार (बर्मा), थाइल्याण्डका सयौंको हूल-बथान एकपछि अर्कोगर्दै भ्रमण-दर्शन गर्न आउने श्रद्धालुहरू अत्यन्तै श्रद्धाले विभोर भई अशोक-स्तम्भ अगाडि बुद्ध-पूजा, प्रार्थना र ध्यान-भावना गरिरहेका हुन्छन् । त्यसरी नै भियतनामी, कोरियन, चाइनिज यात्रीहरू पनि थुप्रै आउने गरेका छन् । बरू यहाँ आउने यात्रीहरूमा भारतीय र नेपालीहरू ५ नम्बरमा मात्र पुग्छ होला । भाद्र/आश्विन देखि यात्रीहरू आउने सुरू हुन्छ, वैशाखमा बन्द हुन्छ । तर आकलझुकल एकाध यात्री देखेको छु । लुम्बिनी भ्रमण-दर्शनमा आउने यात्रीहरू देख्दा मनमा बुद्धको उपदेश याद आउँछ- "बुद्धको महापरिनिर्वाणपछि धेरै श्रद्धालुहरूले लुम्बिनीको दर्शन गरी मनमा धर्मसंवेग उत्पन्न गर्ने हुन्छ ।"

वर्तमान परिवेशमा लुम्बिनी परिसरभित्र विदेशीहरूले निर्माण गरेका थुप्रै विहार, गुम्बा, धर्मशाला गरी जम्मा १८ वटा रहेका छन् । चीन, भियतनाम जापान, बर्माको तथा धर्मकीर्ति विहारले निर्माण गरेको गौतमी विहार, धर्मोदय सभाले निर्माण गरिरहेको स्वयम्भू चैत्य,

लामाहरूले निर्माण गरेको गुम्बा हेर्न लायकको छ। सबैभन्दा भव्य र हेर्न लायक भनेको जर्मनी तारा फाउण्डेशनद्वारा निर्मित गुम्बा हो । त्यहाँ बुद्धजीवनीसँग आबद्ध घटनाक्रमलाई झल्काउने मूर्ति सुन्दर बगैंचाको ठाउँठाउँमा स्थापित दृश्य आकर्षक एवं मनमोहक लाग्दछ। त्यहाँ यात्रीहरूको भीड हुने गर्छ। त्यहाँको आकर्षक सुन्दर बगैंचामा पानीको फोहराले जो कसैलाई रामाइलो अनुभूति गराइदिन्छ।

त्यस्तै थाइल्याण्ड र श्रीलंकाली विहार पनि आकर्षकक देखिन्छ। लुम्बिनीमै पण्डिताराम र धम्मजननी गरी दुईवटा विपश्यना ध्यान केन्द्र रहेको छ। त्यहाँ बाह्यतवरले हेर्ने केही नभएपनि अन्तरमुखी भई आफूले आफैलाई जान्न-बुझ्न आवश्यक प्रकृयालाई भावितामयी चर्याअनुरूप जीवन अगाडि बढाउने अभ्यास स्थलको रूपमा रहेको देखिन्छ।

अरू थाहा पाउनु पर्ने पक्ष भनेको विदेशी नागरिकहरूलाई मायादेवीको दर्शन गर्न रू. ५०/- प्रवेश शुल्क लिने गरिएको छ, भारतीय नागरिकहरूलाई रू.१०/- शुल्क लिने गरिएको छ भने आम नेपाली नागरिकहरूलाई विना शुल्क प्रवेश गराउने गरिन्छ। नेपाली र भारतीय नागरिकहरूलाई क्यामरा रू. १५/-, भिडियो क्यामेराको रू. २००/-, व्यावसायिक मुभी क्यामेराको लागि रू. ५,०००/- शुल्क लिने गरेको छ।

लुम्बिनी विकास कोष क्षेत्र ३ वर्ग माइलमा समेटिएको छ। जंगलका भाग धेरै रहेको छ। २०० जति नीलगाई र ठूलाजातिका मृग छन्। विभिन्न जातिका थरीथरी चराचुरूङ्गिहरू छन्। त्यसरी केही वन्यजन्तुहरू पनि छन्।

नेपाल सरकार भनौं वा राजा महेन्द्रको सहयोगमा निर्मित कलापूर्ण राजकीय विहार हाल भिक्षु विमलानन्दको देहावसानपछि रेखदेख गर्न धुलिखेलका भिक्षु गुणघोष महास्थविर बस्नुभएको छ। विहारमा आउने प्रायः सबैलाई उहाँ भिक्षुले परित्राण-पाठ गर्नुभई आशीर्वाद दिने गर्नुहुन्छ। उहाँले मेरो लागि जलपान-भोजन प्रबन्धको जिम्मा लिनुभएको छ। अरू आवश्यक सामग्री पनि उहाँले दिइरहनुभएको छ। उहाँ पनि पूज्य गुरूवर अमृतानन्द भन्तेकै शिष्य हुन्। अर्का शिष्य हुन् भिक्षु मैत्री, उहाँले अन्तर्राष्ट्रिय बौद्ध समाजको स्थापना गरी अमृत निःशुल्क स्वास्थ्य सेवा गरिरहनुभएको छ। दिनहुं जाँच्न आउने विरामीहरू थुप्रै छन्। उहाँले अरू धेरै सामाजिक उपकार सेवामूलक कार्य गरिरहनुभएको छ। पानीको अभाव रहेको गाउँमा ट्यूबबेल धाराको जडान, बेन्च, टेबुल नभएका विद्यालयमा उचित व्यवस्था गरिदिने, विरामीका लागि आपत्कालीन एम्बुलेन्स सेवा आदि कार्यहरू गरिरहनुभएको छ।

शाक्यमुनि विहारभित्रै लुम्बिनी धर्मोदय सभाले निःशुल्क स्वास्थ्य सेवा तथा एम्बुलेन्स सेवा पुऱ्याउँदै आएको छ। आजभोलि स्वास्थ्य सेवामार्फत धर्मप्रचार कार्य भइरहेको छ।

आजकल म अश्वघोष स्वार्थी भई एक्लै लुम्बिनीमा बसिरहेको छु। त्यसो त मैले लुम्बिनीमै मर्ने अन्तिम इच्छा बोकी यहाँ आएको हुँ। तर मन प्रफुल्लित एवं आनन्दी मनले गर्दा चाँडो मरिएला जस्तो छैन। आजभोलि मलाई एकदमै आनन्द लागिरहेको छ, मन हलुङ्गो भइरहेको छ। यहाँको शुद्ध वातावरण, रंगीचंगी मनमोहक फूलबारी, हरियाली जंगल देख्दा मनमा एकदमै आनन्द लाग्छ, रमाइलो अनुभूति हुन्छ।

अहिले म आनन्दकुटी, संघाराम, बनेपाको ध्यानकुटी र श्रीघः विहार समेत परित्याग गरी पवित्र बुद्धभूमि लुम्बिनीमा आइबसेको छु। त्यसैले मलाई टुङ्गो नभएको/कुनै भरोसा नभएको (भाःमदुम्ह) भनिन्छ। किनभने म कुनैपनि एकठाउँमा अलि धेरै टिक्न सक्दिन, (प्यं क्वातुक्क च्वनेमफु)।

बुद्ध भन्नुहुन्छ- "हे भिक्षुहरू, एउटै ठाउँमा मात्र नबसी गाउँ-गाउँ, नगर-नगर घुमफिर गर्दै धर्मप्रचार गर्न जानू।"

शरीर बलियो हुँदा, स्वास्थ्य ठीक छँदा धेरै गाउँहरूमा पुगी धर्मप्रचार गरिसकें। पुस्तक लेख्ने, अझ गाउँहरूमा पुगी धर्मप्रचार गरिसकें। पुस्तक लेख्ने, अझ आफूलाई प्राप्त दान सम्पत्तिले पुस्तक प्रकाशन गरी धर्मप्रचार गरिसकेको छु। हाल ८१ वर्ष कट्दैछ, त्यत्ति बलियो छुइन। विभिन्न कमजोरी देखापरेको छ। आनन्दसाथ बस्ने इच्छा भएर नै लुम्बिनीमा आइबसेको छु। त्यसो त मलाई "विनाश काले विपरीत बुद्धि" भन्नेहरू पनि छन्।

मैले भिक्षु गुणघोष र भिक्षु मैत्रीलाई भनेको छु- "जिन्दगीको कुनै भरोसा छैन। कथंकदाचित लुम्बिनीमै मरें भने यही नै मेरो दाहसंस्कार गरिदिनू। तिमीहरूले मलाई काठमाण्डौ पुऱ्याउने कार्य नगर। कुनै जात्रा गरिरहनु पर्दैन। यो मेरो अन्तिम इच्छा हो।"

*-अनु. कोण्डन्य*

*(श्रोत, सन्ध्या टाइम्स २१ जेष्ठ, २०६५)*

# Good Governance for A Good society

By Ven. Dr. Thich Nhat Tu
Chairman, Department of Buddhist Philosophy, Vietnam Buddhist University

## INTRODUCTION

While governance is the exercise of authority – political, economic and administrative - to manage the art of making the government more receptive and accountable to the needs and aspiration of its populace.

The term "governance"[1] used in economics (as regard corporate governance) and political science (as regard State governance) implies effective

Governance can be used in several contexts such as corporate governance, international governance, national governance and local governance. According to Roderick Rhodes, a political scientist, the concept of governance is used in contemporary social sciences with at least six diverse meanings: the minimal state, corporate governance, new public management, good governance, social-cybernetic system and self organized networks. For details, see R. Rhodes, "The new governance: governing without government" (1996), in *political studies*, Vol. 44, page 652. Political institution and the responsible use of political power by the State to guarantee sustainable economic and human development. In varied context, good governance refers to the rules, the process of decisions are implemented so that it would reinforce participation, accountability, effectiveness and coherence in society as a whole.

Good governance as a concept is applicable to all sections of the society, such as

government, legislature, the private sector, secular and religious communities and non government organizations (NGOs). In this paper author confines the discussion to good governance in government in relation to a good society.

## NATURE OF GOOD GOVERNANCE

While bad governance is regarded as the root cause of all evil within our societies, good governance is considered as the interaction between democracy, social welfare and the rule of law. It is not to achieve good governance in it totality. Establishing good governance is to ensure sustainable human development as a reality.

There are several characteristics of good governance, of which the following eight are of key importance: participation, rule of law, consensus-orientation, transparency, responsiveness, effectiveness and efficiency, equitability and inclusiveness, and accountability.

Citizen participation is widely encouraged especially in decision-making and freedom of expression, which could be either direct or through representatives.

Good governance supports an impartial legal system, which can protect human rights of every citizen.

Consensus-orientation requires decision-making based on widespread agreement to meet the different interests of the whole community, which is essential for sustainable human development.

Transparency requires open-mindless in decision-making process, in accordance with rules and regulations.

Responsiveness is to meet the needs of the citizenry within a reasonable timeframe.

Effectiveness and efficiency are to make sustainable use of natural resources, providing best services that meet the requirements and aspirations of the society, while protecting the environment.

Equitability and inclusiveness guarantee that the section of the population do not get excluded from the mainstream of the society.

Accountability enforced with transparency and the rule of law should e toward the public and to their institutional stakeholders.

## TWO-FOLD PRINCIPLE OF GOOD GOVERNANCE

While the absence of good governance is root cause of the crisis, good governance is crucial for sustainable development. Good governance is used as a key for building sustainable development and peace.

Good governance is a precondition for sustainable development. Good governance and sustainable development are interrelated. While good governance can improve development effectiveness, sustainable development enhances a good system of government, corruption, abuse of human rights and lack of accountability, the development will not be possible.

With regard to political principles, good governance is a process of establishing an accountable form of government of expression and association. The basic requirement of good governance is to build good institutions and sets of impartial legal system that effectively govern individuals and organizations, bringing about human well-being and happiness.

In terms of economic principles, good governance requires policies, based on efficient open market, leading to poverty reduction, economic growth and sustainable development. Comparative private sector are encouraged to develop in other to supply the best and satisfactory service to the society. Effective institutions and corporate governance are needed to support investments that would lead to social and economic advancement in order to improve the welfare of the masses.

## RESPONSIBILITY FOR GOOD GOVERNANCE

Respect for the rule of law is essential to good governance. Basing the government on of law is a must.

While governments govern according to the law of the land, the maintenance of law and order, administration of justice, and welfare of society would lead to sustainable human development.

Good governance is not only an aim in itself but a key factor in attaining human development. it should be guided by human rights, democracy, justice and equal political participation for all in order to ensure human welfare, security and peace-building. The central feature of good governance is to ensure government and administration reforms on the one hand, and to support decentralization, regionalization and the development of local government, on the other. Promoting good governance is not only a co-operation within government institutions but also involve civil society participation.

Good governance is a cornerstone for countries at all stage of development, whether social, economic, moral and spiritual – both nationally and internationally. The significance of good governance is for economic efficiency and growth. Good governance is conducive to macroeconomic stability, external viability and sustainable development. In other to achieve this target, the national authorities should be responsible for governance issues. Their willingness, commitment and involvement would make governance a success. Good governance is principally of two spheres, that is, improving the management of public resources through all kinds of positive reforms and supporting the development and maintenance of a transparent and stable economy.

**KEY COMPONENTS OF GOOD GOVERNANCE**

**GOOD GOVERNANCE AND DEMOCRACY**

The best possible investment in supporting good governance is democratic development. The true test of "good" governance is to bring democracy. Contributing to the goal of establishing sustainable democracies is the main concern of Buddhism. Buddhism can take a leading role in promoting and consolidating democracy worldwide. Promoting democracy is better way to improve individual opportunity for prosperity and happiness, as well as to build a vibrant civil society. Expanding democracy in the society is to encourage pluralism, participation, and peaceful so-existence.

Good governance demand for democratization, political participation and impartial electoral systems. Democracy, either electoral or consultative, requires power be vested in the people through fair election. It is a system of government respecting plurality of views and opinions, and inviting civil participation in the governance system.

The non-reform-minded government should be encouraged to support the strengthening of governance in terns of democracy programs that are responsive and responsible to the citizens. Democracy programs would entail promoting the rule of law and human rights, fair elections coupled with a competitive political process, citizen participation in government, a free media and a responsive structure of governance. This would make a good impact on the democratic progress around the world.

**GOOD GOVERNANCE AND HUMAN RIGHTS**

Good governance is established when the realization of the value of human rights is made. Good governance would thus conduce to the practice, observance and enjoyment of human rights, and contribute to sustainable human development in a manner which ensures transparency, responsibility, accountability, participation, responsiveness to the needs of the people. Good governance would also guarantee freedom from abuse and corruption. Promotion of human rights, whether civil, cultural, economic, political, social or spiritual, is the best test of good governance. Satisfying these fundamental rights would effectively guarantee basic needs such as health, housing, food, education, justice, security and peace.

The Commission on Human Rights resolution 2000\64. In The Millennium Report and Declaration, the Secretary-General emphasized that "better governance means greater participation, coupled with accountability. Therefore, the international public domain – including the United nation – must be opened up further to the participation of the many actors whose contributions are essential to managing the path of globalization … for he United Nation, success in meeting the challenges of globalization ultimately comes down to meeting the need of peoples. It is in their name that the charter was written; realizing their aspirations remains our vision for the twenty-first century."

Good governance within each country would create a government conducive to sustainable development at the national and global levels.

Development cooperation is of utmost importance for securing good governance in countries in need of external support. The value of partnership in terms of development cooperation should be recognized.

**CONCLUSION**

Governance is an art which requires a progressive vision and consistent efforts to be

Effective. The goal of good governance should be to cater to the needs and aspirations of the citizens. Good governance works toward protecting the citizens' fundamental human rights while endeavoring to build and sustain a society which is progressive- socially, economically, politically and spiritually. It uses the resources at hand skillfully, while encouraging public participation and democratic systems and providing an environment where human can lead a peaceful co-existence. The progress of human race and protecting the environment, as urged by Buddhism, should be it aim at large. All said and done, eventually, only that governance which aims at working for larger human welfare – both nationally and globally-is a good one.

# मिथ्यादृष्टि सबैभन्दा ठूलो शत्रु



■ शिशिल चित्रकार

आज देश समाजमा मानिस मानिसमा जुन भेद छ, त्यो भेद कुनै ईश्वरकृत भेद होइन, बरु व्यक्तिहरूको आ-आफ्नै कर्म, सोचाई, क्षमता, दृष्टि भेद आदिले गर्दा हुनगएको हो । व्यक्ति आफ्नो क्षमता, सोचाई, दृष्टिअनुरूप नै कार्यगर्न सक्षम वा असक्षम हुन जाने हो । कुनै व्यक्ति विशेषले गरेको प्रगति, विकासप्रति द्वेष, इर्ष्या, लोभ गरेर आफूलाई केही फाइदा हुँदैनन् बरु उल्टै रोग द्वेषजन्य चित्तबाट आफैलाई हानी नोक्शानी हुन्छ ।

यसमा निश्चित छ की कुनै व्यक्तिले प्रगति वा विकास गलत तरिकाले गरेको भए त्यो व्यक्ति स्वयंले त्यसको फल भोग्नु पर्दछ नै तर समाजमा पनि यसको नकारात्मक असर पर्ने स्वतः सिद्ध छ । यदि कुनै व्यक्तिले गलत तरिकाले धनोपार्जन गरेको छ र उसको देखासिखी अरुले गर्न खोज्दछ भने दोश्रो व्यक्ति पनि गलत भूमरीमा फस्न जान्छ भने अधिकांश व्यक्ति मिथ्यादृष्टिको शिकार भए भने यस्तो संस्कृति देश समाजको लागि झन प्रत्यूदत्पादक हुने नै भयो । हामीले जुन राम्रो भनेर देखासिखी गर्न खोज्दछौं, त्यो वास्तवमा सही अर्थमा राम्रो हो वा होइनन् ? हामीले राम्रो र सही सत्यमा भेद गर्नै सकेनौं अल्पदृष्टि र अल्पज्ञानले गर्दा तत्कालको लागि राम्रो लागेको पनि वास्तवमा ठूलो गल्ति भएको हुनसक्दछ । के आज देश समाजको हरेक क्षेत्रमा देखा परेको विसगति, विकृति भूतकालको त्यस्तै तथाकथित राम्रोको नाममा केही व्यक्ति विशेषको मिथ्यादृष्टिले नै भएको होइन ? यदि व्यक्ति विशेषको दृष्टि नै ठीक छैनन् भने मिथ्यादृष्टिबाट संचालित छन् भने त्यो व्यक्तिले राम्रो कार्य र सही कार्य गर्न सक्दैन र त्यसको परिणाम पनि गलत आउनु अस्वाभाविक हुँदैन ।

सामाजिक क्षेत्रमा देखा परेको व्यक्तिगत उच्च महोत्वाकांक्षा, शिक्षामा असमानता, नागरिकहरूमा बढ्दो अनैतिक, अराजकता, गैढ्र जिम्मेवारीपन तथा आफ्नो वास्तविक समस्या, उपाय, क्षमता पहिचान गर्न नसक्नु व्यक्तिहरूको मिथ्यादृष्टिकोणले भएका हुन । व्यक्तिहरू आफ्नो समस्याको उपाय पत्ता लगाउनेमा नै रणभुल्लमा छन् भने यस्तो परिस्थितिमा समस्या समाधान गर्ने त परै जाओस् झन् झन् गलत बन्धनमा परिरहने हुन्छ, जुन बन्धन, दृष्टि, संस्कार, परिधिबाट निस्कन जो सुकैलाई पनि बडो मुश्किल हुन्छ ।

राजनैतिक क्षेत्रमा देखापरेका हान थापको स्थितिले देशको भविष्यलाई राम्रो वातावरणतिर उन्मुख गराउन सक्दैन र देशको वस्तुस्थिति, धरातललाई बिर्सेर स्वार्थजन्य राजनीति हुन्छ भने, त्यो भन्दा ठूलो मिथ्यादृष्टिको उदाहरण अर्को हुनैसक्दैन । हिजोसम्म राम्रो(?) भनी गलत दृष्टिमा अल्झिएकोले नै आजको भयावहस्थिति आएकोलाई कसैले नकार्न सक्दैनन् । जनताहरू अझ पनि आफ्नो समस्याको जड र उपाय नबुझी मिथ्यादृष्टिमा अल्झिरहनाले देश समाजले ठूलो मूल्य चुकाउनु पर्ने निश्चित छ । आज जो कोहीलाई नेपाल र नेपालीको माया छ भने चिल्ला र कथित मीठा भाषणमा नअल्झी देशको वास्तविक समस्या – गरीवी, वेरोजगार, अशिक्षा, सामाजिक कुरूतिलाई हृदयङ्गम गरी, त्यसको वास्तविक समस्या समाधानतिर उन्मूख हुनु आवश्यक छ ।

आर्थिक क्षेत्रमा विगत केही वर्षदेखि देखापरेको नकारात्मक असर– उद्योग, व्यापार व्यवसाय क्रमशः ओरालो लागेको, बैङ्किक क्षेत्रमा देखा परेको लगानीको समस्या, बेला बेलामा विविध कार्यक्रमको (यहाँ कार्यक्रमको नाम लिन पनि आवश्यक छैन) नाममा जनता ठगिनु पर्ने बाध्यता, देशमा रोजगारीको अवसर नभएकोले विदेश जानुपर्ने बाध्यता आदि व्यक्तिहरूको र नीतिनिर्माताहरूको “मिथ्या दृष्टिकोण”ले गर्दा भएको हो वा होइन ?

शैक्षिक क्षेत्रमा हिजो कुनै विद्यार्थी समूह, विद्यालय संचालकहरू वा संगठनले बन्दको आह्वान गर्ने देखि लिएर आज सरकारले समेत पाठ्यपुस्तकको अभावमा विद्यालय बन्द गर्नुपर्ने बाध्यता पनि व्यक्ति विशेषको

मिथ्यादृष्टिले आएको हो कि होईन? समस्याको जडमा नपुगी आज सबै पक्ष आ-आफ्नो अडानमा रहनु नै ठूलो मिथ्यादृष्टि हो । सबै नागरिकलाई शिक्षाको समान अवसर दिन बाध्यता भएको सरकारले दुई किसिमको शिक्षा दिई दुई किसिमको नागरिक तयार गरी नागरिक भेदभाव गर्नु हुन्थ्यो वा हुँदैनथ्यो ?

सरकारी तन्त्र आफै ऋण अनुदान र सहयोगको भरमा चल्नु तर देशलाई कस्तो ऋण आवश्यक छ, हामीले तिर्न सक्ने अवस्था हुन्छ कि हुँदैनन् (?), नाफा नोक्सानीको हिसाबै नगरी ऋण लिने परम्परा आफैमा मिथ्यादृष्टिको नमूना हो वा होइन ?

यसरी आज देश समाजको हरेक क्षेत्रमा मिथ्यादृष्टिको जगजगी भएकोले यावत क्षेत्रमा समस्या आएकोमा शंका छैन् । विकास र सवृद्धिको कामना, परिकल्पना निश्चय नै हुनपर्दछ तर यो आफ्नो वास्तविकतामा आधारित हुनपर्दछ । नेपाल र नेपालीको विकासको परिकल्पना नेपाल र नेपालीको आफ्नो क्षमता र ईच्छा बमोजिम हुनुपर्दछ । यस अर्थमा देशको हरेक क्षेत्रमा यावत समस्या देखा परेको भनेको हाम्रो दृष्टि सही नभएको तथा वास्तविक विकास र समृद्धिको चाहना नगर्नु वा क्षमता नभएकोले हो ?

बुद्धले व्यक्तिको मिथ्यादृष्टिलाई नै सबभन्दा ठूलो पाप भन्नुभएको सन्दर्भमा कुनै पनि व्यक्तिले आफू मिथ्यादृष्टिबाट बच्न धर्मको आवश्यकता हुनजान्छ । यस अर्थमा आज देश समाजमा मिथ्या दृष्टिको बाहुल्यता हुनजानु भनेको धर्मको लोप भएकोले हो कि होइन ? अझ यहाँ धर्म भन्नाले पूजा, कर्मकाण्डमा मात्र अल्झिन होइन व्यक्तिले प्रत्येक क्षणप्रतिक्षणमा शरीर, वचन र चित्तद्वारा गरिने कार्य बुझ्नु पर्दछ । यहाँनिर धम्मपदको केही श्लोक राख्नु सान्दर्भिक थान्छु ।

अलज्जिताये लज्जन्ति– लज्जिताये न लज्जरे ।
मिच्छादिट्ठिसमादाना –सत्ता गच्छन्ति दुग्गतिं ॥
अभये च भयदस्सिनो –चा'भयदस्सिनो ।
मिच्छादिट्ठिसमादाना –सत्ता गच्छन्ति दुग्गतिं ॥

अर्थ : लाज, भय, लिनु पर्ने ठाउँमा लाज र भय नलिई, लाज, भय, नलिनु पर्ने ठाउँमा लाज र भय लिने व्यक्तिहरूको दुर्गती प्राप्त हुन्छ ।(धम्मपद श्लोक ३१६ व ३१७)

अवज्जे वज्जमतिनो– वज्जे चावज्जदस्सिनो ।
मिच्छादिट्ठिसमादाना –सत्ता गच्छन्ति दुग्गतिं ॥

अर्थ : निर्दोषीलाई दोषी देख्नु, दोषीलाई निर्दोष देख्ने मिथ्या धारणा भएका व्यक्तिहरू दुर्गतीमा जान्छ । (धम्मपद श्लोक ३१८)

वज्जञ्च वज्जतो ञत्वा–अवज्जञ्च अवज्जतो ।
सम्मादिट्ठिसमादाना –सत्ता गच्छन्ति सुग्गतिं ॥

अर्थः दोषीलाइ दोषी देख्नु, निर्दोषीलाई निर्दोष देख्ने सम्यक् धारणा भएका व्यक्तिहरू स्वर्गलोकमा जान्छ । (धम्मपद श्लोक ३१९) (श्रोत भिक्षु अमृतानन्द, धम्मपद)

आज हरेक क्षेत्रमा देखापरेको समस्या, हरेक क्षेत्रको अधिकांश व्यक्तिहरूको मिथ्यादृष्टिको कारणले गलत (सही कार्य गर्न नसक्नु एउटा कुरा, अझ क्षणिकको लागि राम्रो ठानेर गरिने अर्को गलत) कार्य हुनु, गलत कार्यबाट गलत परिणाम आउन र यसबाट आजको यो गलत वातावरण आएकोमा शंका छैनन् ।

संसारको कुनै वस्तु, मानव, जीव, जन्तु, उत्पत्ति, स्थिति र भएको अवस्थाबाट बच्न सक्दैन । अर्को शब्दमा भन्ने हो भने संसार अनित्य वा परिवर्तनशील छ । निश्चय नै धर्म गम्भीर छ र यसले व्यक्तिको वास्तविक परीक्षा लिन्छ, के आफ्नो अभाव दुःखी दरीद्रता हटाउने उपाय गलत कार्य हुन सक्दछ ? यदि धर्म धारण गर्न सक्यो भने कुनै पनि व्यक्तिलाई अर्को व्यक्तिप्रति रिस राग जगाउनको साटो आफू वर्तमान स्थितिप्रति सजक र समतापूर्वक जिउन सक्ने बल प्रदान गर्दछ ।

जब व्यक्तिहरूले यो मिथ्यादृष्टिको तहलाई हटाउँदै लान सक्दछ त्यही व्यक्ति प्रज्ञा प्राप्त गर्न उन्मुख हुन्छ । तसर्थ आज व्यक्तिहरुको प्रथम कर्तव्य हो आफ्नो अज्ञान स्वरूप मिथ्यादृष्टिलाई तह तह गर्दै हटाउँदै लगि प्रज्ञा हासिल गर्न प्रयास गर्नु ।

आज देश समाजको हरेक क्षेत्रको हरेक कार्य राजनीतिक दृष्टिले मात्र हेर्नु तर धर्मको आँखाले नहेर्नु पनि देश समाजको लागि ठुलो दूर्भाग्य हुन पुगेको छ ।

तसर्थ आज देशको हरेक क्षेत्रमा देखा परेको यावत समस्याहरूको वास्तविक उपचार व्यक्तिको लागि हरेक क्षेत्रमा राजनीति होइन धर्मनीति र सही दृष्टि तड्कारो आवश्यक छ र यसको लागि व्यक्तिहरूको लागि सही धर्मको जरूरत पर्दछ ।

# बुद्धजयन्ती चण्डीपूर्णिमा र महापरिनिर्वाण दिवस



■विश्व शाक्य, पोखरा

बैशाख पूर्णिमालाई सिद्धार्थ गौतमबुद्धको जन्म, बुद्धत्व प्राप्त र महापरिनिर्वाणको त्रिसंयोग दिवसको रूपमा 'बुद्धजयन्ती' भनेर मनाउँदै आइरहेका छौँ। बैशाख पूर्णिमाका दिन मनाउँदै आइरहेको 'बुद्धजयन्ती' के वास्तवमै शाब्दिक, भाषिक र भगवान् गौतमबुद्ध आफू स्वयमले उपदेशित गर्नुभएको धम्मअनुसार पनि उपयुक्त हो ? यस विषयमा चर्चा गरिनु समय सान्दर्भिक लागेर कुरा उप्क्याउने कोशिस गरिएको छ।

एकथरी बौद्ध विद्वान र भिक्षुहरू बैशाख पूर्णिमालाई भगवान् गौतमबुद्धको महापरिनिर्वाणपछि 'महापरिनिर्वाण दिवस'का रूपमा मनाउने परम्परा स्थापितभएको बताउँछन्। आज त्यो परम्परा विस्थापित भएर बैशाख पूर्णिमालाई 'बुद्धजयन्ती'का रूपमा मनाउने सनातन परम्परा बनेको छ। बुद्धधर्ममा आस्था राख्ने बौद्धमार्गीहरूले यतिखेर यो कुराको निर्क्योल गरिहाल्नुपर्ने भएको छ कि बैशाख पूर्णिमालाई 'बुद्धजयन्ती' भनेर मान्ने हो वा 'महापरिनिर्वाण दिवस' भनेर मान्ने ? आँखा चिम्लेर परम्पराको निर्वाह गर्न हुँदैन भनेर उपदेश गर्ने बुद्धकै नाममा हामी परम्पराको निर्वाह गर्नतिरमात्र लाग्यौं भने बुद्धका सद्शिक्षालाई हामी कसरी व्यवहारमा उतार्न र अग्रसर गर्न, गराउन सक्छौं सोच्नै पर्ने भएको छ।

बैशाख पूर्णिमाको दिनलाई हामीले 'महापरिनिर्वाण दिवस' भनेर मान्ने हो वा 'बुद्धजयन्ती' भनेर मान्ने हो भन्ने दुविधा एकातिर छँदैछ। अर्कोतिर बैशाख पूर्णिमालाई 'चण्डीपूर्णिमा' भनेर व्यापक प्रचारवाजी गर्ने र उपरोक्त दिन पितृका नाममा पशु-पन्छीको बली दिएर तत्स्थानमै मांसाहार गर्ने चलन पनि बढ्दो छ। बैशाख पूर्णिमाका दिन बुद्ध जन्मेको देश भनेर नेपाल राष्ट्रमा मात्र सरकारी कामकाजमा बिदा दिइएको होइन। आजको तनावग्रस्त र अशान्त विश्व परिवेशमा बुद्धका शिक्षा तनावबाट मुक्ति दिलाउन र शान्ति स्थापनामा अति महत्वपूर्ण सावित भएको हुँदा बुद्धशिक्षाको त्यो मानव कल्याणकारी महत्वलाई अङ्गीकारगर्दै संयुक्त राष्ट्र संघले समेत बुद्धको जन्म, बुद्धत्वप्राप्ति र महापरिनिर्वाण त्रिसंयोगको बैशाख पूर्णिमाको दिनलाई शान्ति दिवसको रूपमा मनाउन संयुक्तराष्ट्र संघसँग आवद्ध सबै देशमा समेत बैशाख पूर्णिमाका दिन छुट्टी दिइएको हो। तर दूर्भाग्य ! बुद्ध जन्मेकै देशमा बुद्धको त्यो महिमा र महत्तालाई नबुझेर पञ्चाङ्ग निर्माणकर्ताहरूले बैशाख पूर्णिमाको त्यो विश्वव्यापी सार्वजनिक बिदालाई चण्डीपूर्णिमामा सीमित गरेर 'बुद्धजयन्ती' वा 'महापरिनिर्वाण दिवस'लाई ओझेलपार्ने काम भैरहेको छ। यसलाई पञ्चाङ्ग निर्माणकर्ताहरूको सुनियोजित षदयन्त्र भनिहाल्न त नमिल्ला तर पञ्चाङ्ग कर्ताहरूले बुद्धको महत्तालाई नबुझेको वा बुद्धको महत्तालाई बेवास्ता गरेको भनेर निर्धक्कसाथ भन्न सकिने ठाउँ छ। किनभने हिंसादी कर्मबाट टाढा रहन सिकाउने शान्तिका अग्रदूत भनेर विश्वले मानेका बुद्धको जन्म, बुद्धत्वप्राप्ति र महापरिनिर्वाणजस्तो पवित्र दिनमा पितृका नाममा हिंसादी कर्म गर्न, गराउन अभिप्रेरित गर्ने, पञ्चाङ्ग प्रकाशक वा निर्मातालाई कुनै पनि अर्थमा बुद्धको महत्व र महिमा बुझेको भन्न मिल्दैन र सकिंदैन। पञ्चाङ्ग निर्माण समितिले यसतर्फ सुधारात्मक पाइला चाल्न सके विश्वले गौरव मानेको दिनको गौरव अरू बढ्ने थियो।

यतिखेर उप्क्याउन खोजिएको कुरा चण्डीपूर्णिमाको होइन। सन्दर्भमा उप्कीएका मात्र हुन्। बैशाख पूर्णिमालाई 'बुद्धजयन्ती' भनेर मान्नु उपयुक्त हो, होइन भन्ने कुराको निर्क्योल निकाल्नु अगाडि हामी 'बुद्धजयन्ती'मा प्रयुक्त शब्द र त्यसले अर्थ्याउने विषय र स्वयम बुद्धका सद्शिक्षाबारे सङछिप्त चर्चा गरौँ।

'बुद्ध' गुणबोधक विशेषण शब्द हो। यसलाई कसैकसैले नाममा पनि प्रयोग गरिएको पाइन्छ। वास्तवमा बुद्ध भन्नाले बोध गरेको, बुझेको, जानेको व्यक्ति भन्ने जनाउँछ। अब कुरा उठ्न सक्छ के बुझेको ? के

जानेको ? वा भनौं के बोध गरेको ? स्वयम भगवान् गौतम बुद्धले बताउनु भएनुसार 'जसले चार आर्यसत्यलाई बुझेको छ, जानेको छ र त्यसलाई व्यवहारमा उतारेर विकारबाट मुक्तभएको छ त्यो 'बुद्ध' हो ।' अर्को वाक्यमा भन्नुपर्दा जसले दुःख, अनित्य, अनात्म स्वभावलाई बुझेको छ, चिनेको छ, अनुभूति गरेको छ र आफ्ना समग्र विकारबाट मुक्त भैसकेको छ त्यो व्यक्ति 'बुद्ध' हो । यस भनाइ र अर्थमा 'बुद्ध' शब्द गुण बोधक विशेषणका रूपमा प्रयोगभएको र यसले कुनै व्यक्ति वा त्यसको नाम नबुझाएर व्यक्तिको गुण, योग्यता बुझाएको स्पष्ट छ । बुद्धत्व ज्ञान प्राप्त गरेका व्यक्ति या भनौं बुद्धगुण भएका व्यक्ति परापूर्व कालमा पनि थिए । हिजो पनि थिए । आज पनि छन् र आउँदा दिनमा पनि हुन सक्छन् । जब बुद्धगुण सर्वकालिक हो, हिजो पनि थियो, आज पनि छ र भोलि पनि हुनसक्छ भने यो सर्वकालिक गुणको जयन्ती मनाउनु भन्नुको तादात्म्यता नै मिलेन । फेरिपनि हामी बैशाख पूर्णिमालाई 'बुद्धजयन्ती' भनेर मनाइरहेका छौं । यो एउटा सोचनीय पक्ष हो ।

अब 'जयन्ती' शब्दतिर लागौं । जयन्ती शब्दले अर्थ्याउने भाव भनेको 'कुनै व्यक्ति वा संस्थाको जन्मोत्सव, जन्मदिन वा त्यसदिन मनाइने उत्सव हो । जन्म व्यक्ति वा संस्थाको हुने कुरामा द्विविधा रहेन तर गुण वा कुनै विशेषणको जन्मजयन्ती मनाउने कुरा भने बुझ्न सकिने स्थिति रहेन । मानौं कुनै रामबहादुर भन्ने व्यक्तिले विद्यावारिधि गरेर 'डाक्टर' उपाधि हासिल गर्छन् र उनी डा. रामबहादुर कहलाउँछन् । यहाँ रामबहादुर व्यक्ति हो भने डाक्टर उसले अध्ययन, अनुसन्धानबाट प्राप्त गरेको उपाधि वा विशेषता हो । यस्तो उपाधि पाउने व्यक्ति रामबहादुर बाहेक अरुले पनि पाउन सक्छन् । यस्ता उपाधि पाउने व्यक्ति हिजो पनि थिए, आज पनि छन् र भोलिकाले पनि पाउन सक्छन् । यस्ता शास्वत गुण, स्वभावमा व्यक्तिमा प्रयुक्त हुने 'जयन्ती' शब्द कसरी प्रयोग गर्न मिल्छ ? जसरी विद्यावारिधी उत्तीर्ण गरेर मात्र कुनै परिक्षार्थीले 'डाक्टर' उपाधि हासिल गर्ने हुन्छन् त्यसरीनै बुद्धत्वज्ञान प्राप्त गरेरमात्र कोही व्यक्ति 'बुद्ध' कहलाइन सक्छ । त्यसैले रामबहादुर व्यक्ति हो भने उसले प्राप्तगरेको 'डाक्टर' उपाधि गुण बोधक विशेषण भएजस्तै सिद्धार्थ गौतम व्यक्ति हो भने उनले बुद्धत्वज्ञान प्राप्तगरेपद्धि पाएको 'बुद्ध' उपाधि हो । गुण, स्वभाव हो । डाक्टरको हैसियत राख्ने व्यक्ति थुप्रै छन् र हुन सक्छन् त्यसैले डाक्टरजयन्ती भनिंदा कुन डाक्टरको जयन्ती हो खुल्न सक्तैन । कस्को जन्मदिन भनेर खुलाउनाका लागि नाम जोडिएको हुनुपर्दछ जस्तो- रामजयन्ती, श्यामजयन्ती, कृष्णजयन्ती आदी इत्यादी । त्यसैगरी यस धरतीमा सिद्धार्थ गौतमबुद्ध भन्दा अगाडि २७ बुद्धहरू भैसकेका बौद्ध वाङ्मयमा उल्लेख छ । 'बुद्धजयन्ती' मात्र भनिंदा ती २८ जना बुद्धत्व प्राप्त गरेका व्यक्तिहरूमध्य कुन व्यक्तिको जन्मदिवस भनेर चिन्ने या बुझ्ने ? यदि हामीले २५५२औं वर्ष अगाडि महापरिनिर्वाण भएका बुद्धको जयन्ती मनाउन लागेका हौं भने भन्नुपर्‍यो 'गौतमबुद्धजयन्ती' । होइन सामूहिकरूपमा बुद्धजयन्ती मनाउने परम्परा स्थापित गरेका हौं भने 'बुद्धजयन्ती' मात्र भनिन पर्‍यो सालसम्वत उल्लेख गर्न भएन । सालसम्वत पनि उल्लेख गर्ने अनि 'बुद्धजयन्ती' मात्र पनि भनिने हो भने यो सरासर न हाँसको चाल न वकुल्लाको चाल भयो । यतातिर बौद्ध विद्वानहरूले एकपटक सोच्नैपर्ने हुन्छ सायद !

यी त भए 'बुद्ध' र 'जयन्ती' शब्दले दिएका अर्थसम्बन्धी चर्चा । अब हामी स्वएम भगवान् गौतमबुद्धले बताउनुभएको सद्शिक्षाबारे अलिकति चर्चा गरौं । भगवान् गौतमबुद्धको मूल सद्शिक्षा अनित्य, दुःख, अनात्म दर्शनमा आधारित छ। यही सन्दर्भमा दुःख के हो ? भन्नेबारे भगावान् गौतमबुद्धले स्पष्ट शब्दमा बताउनुभएको छ "जातिपि दुक्खा, जरापि दुक्खा, मरणंपि दुक्खं, सोक परिदेव दुक्ख, दोमनस्सुपायासापि दुक्खा, अप्पियो हि सम्पयोगो दुक्खो, पियेहि विप्पयोगो पि दुक्खो, यम्पिंच्छं न लभति तं पि दुक्खं, सङ्खित्तेन पञ्चुपादानक्खन्धा दुक्खा ।" यसको अर्थ हो- 'जन्मनु दुःख हो, रोगीहुनु दुःख हो, मरण दुःख हो, शोक गर्नु रुनुकराउनु असन्तोषीहुनु दुःख हो । अप्रीयजनसँगको बसाइ दुःख हो, प्रीयजनसँगको विछोड दुःख हो । आफूले चितायको वस्तुको अप्राप्ति दुःख हो, सङछिप्तमा भन्नुपर्दा पञ्चस्कन्ध नै दुःख हो ।' -दीघनिकाय

भगावान् गौतमबुद्ध स्वयमले जन्मदेखि मरणसम्मका सबै प्रीय अप्रिय घटनालाई मात्र नभएर

समग्रमा भन्नुपर्दा सृष्टि नै दुःख हो भनिसकेपछि जान्ने, बुझ्ने मान्छेले दुःखको, पीडाको जयन्ती कस्ले मनाउँछ ? दुःखको, पीडाको खुशीयाली र उत्सव कस्ले मनावस् ? जजसले जन्मोत्सव, जन्मजयन्ती मनाइरहेका छन्, मनाउने परम्परा स्थापित गरिरहेका छन् तिनले दुःखलाई नबुझेर, नचिनेर अज्ञानतामा मनाइरहेका छन् । होइन भने बौद्धवाङ्मयमा कहिं पनि, कतै पनि आज हामी जुनरूपमा जन्मोत्सव वा जयन्ती पर्वहरू मनाइरहेकाछौं, मनाउने गरेको कहींकतै भेटिंदैन । बुद्धधर्म, दर्शनले अङ्गिकार गरेको सुख भनेको् 'निर्वाण' सुख हो । आफूभित्र अन्तरनिहित विकारहरूको समूलनष्ट नै निर्वाणसुख हो । यही नै पुनर्भवको अन्त पनि । यही कारण बुद्धपुरुषहरू, या भनौं बौद्धमार्गीहरू जन्मलाई भन्दापनि दुःखका कारणहरूको समूल नष्टको अवस्थालाई सुखद मान्दछन् । त्यसैले भगवान् गौतमबुद्धको जीवनमा पनि बुद्धत्वज्ञान प्राप्ति र महापरिनिर्वाणलाई ठूलो महत्व दिइएको छ । यही महत्वलाई दर्शाउन सिद्धार्थ गौतमबुद्धको जन्म, बुद्धत्वप्राप्ति र महापरिनिर्वाण भएको बैशाख पूर्णिमाको दिन 'महापरिनिर्वाण दिवस'को रूपमा मनाउने परम्परा स्थापित गरिएको हो । कालान्तरमा व्यक्ति जन्मेकोदिन जन्मोत्सव, जन्मजयन्तीका रूपमा मनाउने परम्पराले जोडपकडेपछि बैशाख पूर्णिमाको दिन गौतमबुद्धको जन्मदिन पनि परेको हुँदा बुद्धत्वप्राप्ति र महापरिनिर्वाण दिवस गौणभएर जन्मजयन्तीले प्राथमिकता पाएको सहज अनुमान गर्न सकिन्छ । होइन भने बुद्धधर्म, दर्शनअनुसार कुनै पनि अर्थ र सन्दर्भमा मेल नखाने 'बुद्धजयन्ती' पर्व स्थापितहुनुमा कुनै औचित्य देखिंदैन । बैशाख पूर्णिमालाई हामी सिद्धार्थ गौतमबुद्धको जन्म, बुद्धत्वप्राप्ति र महापरिनिर्वाणसँग जोडेर उत्सव मनाउने हो भने 'महापरिनिर्वाण दिवस'को रूपमा मनाउनु पर्नेहुन्छ । २५५२ औं सम्वत संख्याले पनि त्यही जनाउँछ । तर थाहा छैन किन बौद्धमार्गीहरू जानी, नजानिकन वा बुझपचाएर एकातिर 'बुद्धजयन्ती' मनाउन अभ्यस्त छन् भने अर्कोतिर 'चण्डीपूर्णिमा' मनाउन व्यस्त छन् ।



# असङ्खे□य



■ भिक्षु सरणंकर

संख्यअपि हिसाबले यति उति भनेर जनाउन नसक्ने भन्ने अर्थले असङ्खेय्य भनिएको हो।[1] बुद्धदेशित विभिन्न सूत्रहरूमा यो शब्द भेट्टाउन सकिन्छ । उदाहरणको रूपमा–

आनन्द भविष्यमा काषाव र कण्ठक भन्ने दःशील भिक्षुहरू उत्पन्न हुनेछन् । ती दःशील भिक्षुहरूलाई संघदान दिएको खण्डमा पाउने कुशल पुण्य आनिशंस असङ्खेय्य अप्पमेय हुन्छ ।[2]

भविष्यमा वर्षाको कारणले पृथ्वी विनाश हुन्छ । त्यसपछि फेरि पृथ्वी उत्पन्न भई पुनः विनाश हुन्छ । यसरी एकचोटि विनाश भएर फेरि अर्को चोटि समयसम्मलाई असङ्खेय्य समय भनिन्छ । यसरी चार असङ्खेय्यको समयलाई एक कल्प भनिन्छ ।[3]

संयुक्त निदानवग्ग अट्ठकथा[4], अपदान पाली बुद्धवंश पाली आदिमा पनि यो शब्द भेटिन्छ ।

त्रिपिटकमा भेटिने उप्ठ्यारा शब्दहरू प्रष्ट रूपमा बयान गर्दै जाँदा अट्ठकथाचार्यहरूले यो शब्द पनि विभिन्न ठाउँमा बयान गरेका पाईन्छन् । असङ्खेय्य सम्म गन्ने तरिका नदेखाए पनि त्यहाँसम्म देखाउन उत्साह गरेको पाईन्छ ।

हजार, दशहजार, लाख, दशलाख, करोड, दश करोड, अरब (प्रकरोड), खरब (करोडप्रकरोड), नहुत, निन्नहुत, अक्खेहिण, विन्दु, अब्बुद, निरब्बुद, अबब, अटट, सोगन्धिक, उप्पल, कुमुद, पुण्डरिक, पदुम, कथान, महाकथन, असङ्खेय्य[5] हुन्छ भनी अपदान अट्ठकथामा उल्लेख भएको छ । असङ्खेय्यसम्म गन्ने तरिका अर्थकथाचार्यहरूले नदेखाएपनि निरब्बुदसम्म गन्ने तरिका देखाएको छ ।

... ... एकलाख खरब (करोडप्रकरोड) सय गुणा नहुत हुन्छ एक लाख नहुतको सय गुणा निन्नहुत हुन्छ।[6] एक लाख निन्नहुतको सय गुणा अक्खेभिनि हुन्छ ।

यसपछि भने कुनै अर्थकथाचार्यहरूले पनि गनेर देखाएको छैन। यहाँ सम्म मात्र गन्न सकिन्छ[7]। त्यसपछि त्यहाँभन्दा अगाडि बुद्धले मात्र गन्न सक्नुहुन्छ । भनी अट्ठकथाचार्यहरू भन्दछन् । यस्तो भनेतापनि जातक अट्ठकथामा गन्ने तरिका राम्रोसँग प्रष्ट रूपमा देखाएर

१. न+संखेय्य = असंखेय्य (न निपात पुब्बपद कम्मधार समास)

२. “भविस्सन्ति खो पनानन्द, अनागतमद्धानं गोत्रभुनो कासावकण्ठा दुस्सीला पापधम्मा । तेसु दुस्सीलेसु सङ्घं उद्दिस्स दानं दस्सन्ति । तदापाहं, आनन्द, सा सङ्थगत दक्खिणं असंखेय्यं अप्पमेय्यं वदामि । न त्वेवाहं, आनन्द, केनचि परियायेन सङ्थगताय दक्खिगाय पाटिपुग्गलिकं दानं महंप्फलतरं वदामि । (म.नि. दक्खिन विभंग सुत्त)

३. तत्थ कप्पविनासकमहामेघतो याव कप्पविनासकखारूपदकूपच्छेदो, इदमेकं असङ्खेय्यं । उदकूपच्छेदतो याव सम्पत्तिमहामेघो, इदं दुतियमसङ्खेय्यं । सम्पत्तिमहामेघतो....पे....इमानि चत्तारि असङ्खेय्यानि एको महाकप्पो होति । एवं उदकेन विनासो च सण्ठहनञ्च वेदितब्बं । (पटिसम्भिदा मग्ग अट्ठकथा)

४. तं आयु परिहायमानं दसवस्कालं पत्वा पुन वड्ढमानं असङ्खेय्यं हुत्वा ततो परिहायमानं तिंसवस्ससहस्सायुकाले ठितं, तदा कोणागमनो निब्बत्तो । तस्मिम्पि तथेव परिनिब्बुते तं आयु दसवस्सकालं पत्वा पुन वड्ढमानं असङ्खेय्यं हुत्वा परिहायित्वा वीसवस्ससहस्सकाले ठितं, तदा कस्सपो भगवा निब्बत्तो । (सं.निदानवग्ग अट्ठकथा)

५. दससतं सहस्सं दससहस्सं सतसहस्सं दससतसहस्सं कोटि पकोटि कोटिप्पकोटि नहुतं निन्नहुतं अक्खोभिणि बिन्दु अब्बुदं निरब्बुदं अहं अबबं अटटं सोगन्धिकंउप्पलं कुमुदं पुण्डिरिकं पदुमं कथानं महाकथानं असङ्खेय्यानं वसेन । (अपदान अट्ठकथा)

६. वस्सगणनापि पनेत्थ एवं वेदितब्बा-यथेव हि सतं सतसहस्सानि कोटि होति, एवं सतं सतसहस्सकोटियो पकोटि नाम होति, सतं सतसहस्सपकोटियो कोटिपकोटि नाम, सतं सतसहस्सकोटिपकोटियो नहुतं, सतं सतसहस्सनहुतानि निन्नहुतं, सतं सतसहस्सनिन्नहुतानि एकं अब्बुदं, ततो वीसतिगुणं निरब्बुदं । एसेव नयो सब्बत्थानि । (सगाथवग्ग अट्ठकथा)

७. वस्सानञ्हि दसदसकं सतं, दस सतानं सहस्सं, सतं सहस्सानं सतसहस्सं, सतं सतसहस्सानि कोटि नाम, सतं कोटिसतसहस्सानं पकोटि नाम, सतं पकोटिसतसहस्सानं कोटिपकोटि नाम, सतं कोटिपकोटिसतसहस्सानं एकं नहुतं नाम, सतं नहुतसतसहस्सानं एकं निन्नहुतं नाम । छेको गणको एत्तकं गणेतुं सक्कोति, ततो परं गणना नाम बुद्धानमेव विसयो । तत्थ सतं निन्नहुतसतसहस्सानं एकं अब्बुदं, वीसति अब्बुदानि एकं निरब्बुदं, तेसं निरब्बुदससतहस्सानंएकं अहहं नाम, एत्तकं बकस्स ब्रह्मुनो तस्मिं भवे अवसिट्ठं आयु । (जातक अट्ठकथा)

बक ब्रह्माको कारणले गर्दा अहह सम्म देखाएको छ तर त्यहाँसम्म गन्ने तरिका देखाएको छैन ।

भगवान बुद्ध स्वयंले पनि असङ्खेय्यसम्मगनेर नदेखाएपनि कोकालिक भिक्षुको कारणले गर्दा पदुमसम्म गनेर देखाएकोछ । सारिपुत्र भन्तेलाई पापी भनी आरोप लगाएको कारणले गर्दा मरेर गएर पदुम भन्ने नर्कमा जन्मन्छन् । सहम्पति ब्रह्माले त्यो कुरा थाहा पाएर भगवान् बुद्धकहाँ आएर भन्दछन् । जुन कुरा भोलिपल्ट भगवान् बुद्धले भिक्षुहरूलाई भन्नुभयो । त्यसबेला एकजना भिक्षुले पदुम भन्ने नर्कको आयु प्रमाण कति छ भनी भगवान् बुद्धसँग सोध्यो । भगवान् बुद्धले संख्यात्मक हिसाबले यति उति यति हजार, लाख भनी देखाउन गाह्रो छ भनी भन्नुभयो । त्यसपछि भिक्षुको मागअनुसार उपमा दिएर देखाउन भयो । जसरी कुनै एकजना तीलको ब्यापारी २० वटा बोरामा तील भरेर हरेक सय बर्षमा एक एक वटा गरी तील निकालेर जब ती सबै सिद्धिन्छ, त्यतिबेला सम्मको समयलाई अब्बुद भनिन्छ । अब्बुद नर्कको आयु प्रमाणको बीस गुणा निरब्बुदा हुन्छ । निरब्बुदाको बीस गुणा अबब हुन्छ । अबबको बीस गुणा अटट हुन्छ । अटटका बीस गुणा अहह हुन्छ । अहहको बीस गुणा कुमुद हुन्छ । कुमुदको बीस गुणा सोगन्धिक हुन्छ । सोगन्धिकको बीस गुणा उप्पल हुन्छ । उप्पलकोबीस गुणा पुण्डरिक हुन्छ । पुण्डरिकको बीसगुणा पदुम हुन्छ ।

बुद्धदेशित सूत्र र अर्थकथाचार्यहरूको तालिका अनुसार बाँकी यसरी नै जान्नुपर्दछ भन्ने कारणअनुसार हेर्दा पदुमको बीसगुणा कथाम हुन्छ । कथानको बीस गुणा महाकथान हुन्छ । महाकथानको बीस गुणा असङ्खेय्य हुन्छ ।[८]

बुद्धदेशित सूत्र र अट्ठकथाचार्यहरूको भनाई अनुसार असङ्खेय्यसम्म यसरी गन्न सकिन्छ ।

| | | |
|---|---|---|
| एक × दश | = | दश |
| दश × दस | = | सय |
| दश × सय | = | हजार |
| दश × हजार | = | दशहजार |
| दश × दश हाजर | = | लाख |
| दश × दश लाख | = | करोड |
| दश × करोड | = | दश करोड |
| दश × दशकरोड | = | अरब (पकोटि) |
| दश × अरब | = | दश अरब |
| दश × दश अरब | = | खरब (कोटिप्रकोटि) |
| सय × खरब | = | नहुत |
| सय × नहुत | = | निन्नहुत |
| सय × निन्नहुत | = | अक्खोभिनि |
| सय × अक्खोभिनि | = | विन्दु |
| विस × विन्दु | = | अब्बुद |
| विस × अब्बुद | = | निरब्बुद |
| विस × निरब्बुद | = | अबब |
| विस × अबब | = | अटट |
| विस × अटट | = | अहह |
| विस × अहह | = | कुमुद |
| विस × कुमुद | = | सोगन्धिक |
| विस × सोगन्धिक | = | उप्पल |
| विस × उप्पल | = | पुण्डरिक |
| विस × पुण्डरिक | = | पदुम |
| विस × पदुम | = | कथान |
| विस × कथान | = | महाकथान |
| विस × महाकथान | = | असंङ्खेय्य |

८

८. एवं वुत्ते अञ्ञतरो भिक्खु भगवन्तं एतदवोच-‘ कीव दीघं नु खो, भन्ते पदुमे निरये आयुप्पमाण’न्ति ? “दीघं खो, भिक्खु, पदुमे निरये आयुप्पमाणं । न तं सुकरं सङ्खातुं-‘एत्तकानि वस्सानीति वा एत्तकानि वस्ससतानीति वा एत्तकानि वस्ससहस्सानीति वा एत्तकानि वस्ससतसहस्सानीति वा’ति ।

‘सक्का पन, भन्ते, उपमं कातु’न्ति ? “सक्का, भिक्खू,”ति भगवा अवोच-“सेय्यथापि, भिक्खु वीसतिखारिको कोसलको तिल वाहो ततो पुरिसो वस्ससतस्स वस्ससतस्स अच्चयेन एकमेकं तिलं उद्धरेय्य । खिप्पतरं खो सो, भिक्खु, वीसतिखारिको कोसलको तिल वाहो इमिना उपक्कन परिक्खेयं परियादानं गच्छेय्य, न त्वेव एको अब्बुदो निरयो । सेय्यथापि, भिक्खु, मेवीसति अब्बुदा निरया, एवमेको निरब्बुदो निरयो । सेय्यथापि, भिक्खु, वीसति निरब्बुदा निरया, एवमेको अबबो निरयो । सेय्यथापि, भिक्खु, वीसति अबबा निरया, एवमेको अटटो निरयो । सेय्यथापि, भिक्खु, वीसति अटटा निरया, एवमेको अहहो निरयो । सेय्यथापि, भिक्खु, वीसति अहहा निरया, एवमेको कुमुदो निरयो । सेय्यथापि, भिक्खु, वीसति कुमुदा निरया, एवमेको सोगन्धिको निरयो । सेय्यथापि, भिक्खु, वीसति सोगन्धिका (अ.नि.थेरगाथा-दसकनिपात)

# नवगठित भिक्षु महासंघलाई हार्दिकपत्र

श्रद्धेय अध्यक्ष भन्ते वन्दना !

यही मिति २०६५ जेठ २५ गतेबाट नयाँ कार्य समितिको गठन भएको छ। नेपालमा नयाँ राजनीतिक परिवेशसँगै भिक्षु संघमा पनि परिवर्तन आउनु सकारात्मक नै हो भन्ने मेरो ठहर छ। जहिले पनि परिवर्तन एक विकास हो भन्ने रूपमा विश्लेषण गर्ने गरिन्छ तर यसलाई म मान्ने पक्षमा छुइनँ। परिवर्तन कुन किसिमको परिवर्तन हो ? त्यो हेरेर मात्र हुन्छ जस्तो मलाई लाग्छ। नेपाली बुद्धशासनिक क्षेत्रमा मूख्यतया सम्पूर्ण थेरवादी आस्थामा केन्द्रित मानिसहरू भिक्षु महासंघलाई जहिले पनि आशाको नजरले हेरिराखेको म पाउने गर्दछु। तर नेपालमा थेरवादी बुद्धशासन पुर्नजागरण भएको झण्डै स्वर्ण वर्ष मनाइसक्दा पनि सन्तोषको श्वास फेर्ने स्थान हालसम्म पनि भेटाउन सकिरहेको छैन।

नयाँ नेपालमा अब त देश गणतन्त्रका साथ धर्म निरपेक्ष घोषणा भइसकेको छ। पहिला त हामी हिन्दू राज्य हो भनी पन्छिने स्थान थियौं तर अब त्यो पनि नरहने अवस्था सिर्जना भइसकेको छ। मेरो मान्यता के रहेको छ भने अमृतानन्द भन्तेजस्ता विभिन्न व्यक्तित्वहरूले यस अवस्था प्राप्तिका लागि आफ्नो जीवन उत्सर्ग गरेर गए। त्यसैले यो अवस्था अहिले हामीले प्राप्त गरेका छौं, अब त केही गरौं भन्ने मानसिकता साथ अगाडि बढ्नु पर्ने अवस्था तड्कारोको रूपमा मैले बुझेको छु। नत्र धर्मनिरपेक्ष राष्ट्र त घोषणा भयो तर कुनै काम हामीबाट हुनसकेन भने अरूले प्रगति गरेको हेरेर र्‍याल चुहाउनु बाहेक अर्को विकल्प रहने छैन। त्यसैले अब त हामी सुतेर बस्नु भएन। द्रूतगतीमा कुद्नु पर्ने अवस्था यहाँ सिर्जना भइसकेको छ। नत्र पुनः एक पटक हामीलाई भावी पिँढीले धिक्कार्ने छ।

काम थालनी गर्नका लागि हामीसँग श्रोत र साधन नभएका पनि होइनन। हामीसँग थुप्रै युवाशक्तिहरू छन्, पाका जेष्ठ भन्तेका अनुभवहरू हामीसँग छन्, सबल दाताहरू हामीसँग छन्, छैन त मात्र कार्ययोजना, एकता र खुल्ला विचारधारा।

तपाईको पनि सायद ध्यान गएको हुन सक्छ कि थुप्रै त्यस्ता युवाहरू छन्। जो अवसरको खोजीमा छन्। आफ्नो विद्या र सीपको उचित कदर नभएकै कारणले गर्दा थुप्रै पलायन भएर गएको पनि हाम्रो अगाडि ऐनाझैं खुल्ला छ। त्यसैले अब नयाँ नेपालमा नयाँ सोचका साथ अगाडि बढ्नुपर्ने देखिन्छ। यसका लागि सबै पक्ष सकारात्मक भई अगाडि बढ्नुपर्ने देखिन्छ। यो सर्वविदितै छ कि नकारात्मक विचारधाराले आफूलाई एक दिन नजाखि छोड्दैन। अब युवा शक्तिको सदुपयोगका लागि तपाईको कार्यकालबाट के अपेक्षा राख्न सकिन्छ ?

हामी माझ थुप्रै यस्ता सदस्यहरू पनि नभएका होइनन्। जो हाम्रै विनाशतिर लागेको छ। यानि त्रिपिटकमा भएको कुरालाई नै मौलिकीकरण गरी आफ्ना मनगढन्ते कुरा भन्नेहरू पनि नभएका होइनन्। यो कुरा सायद तपाईलाई भन्नु नपर्ला। त्यसका लागि कस्तो योजना भिक्षु महासंघले ल्याउन सक्छ ? यो विचारणीय पक्ष हो। त्यसैले अब हामीले यस्ता कदम चाल्नै पर्दछ जसले धर्मलाई दिगो बनाओस्।

अनि अर्को विचारणीय पक्ष के रहेको छ भने धेरै जसो मोसफलका दाताहरू यो गुनासो गर्ने गर्दछन् कि भिक्षुहरू केवल शहरकेन्द्रित भए ! सुविधाभोगी भए ! भन्ने जस्ता आरोपहरू आउने गर्दछन्। यसका लागि तपाईको योजना के रहेको छ ?

यी त भए सामान्य समस्याहरू यस्ता अन्य थुप्रै हामीमाझ चुनौतीहरू छन्, जसलाई हामीले समाधान गर्नै पर्दछ। अझ म केसम्म पनि भन्छु भने हामी ढिलो भईसक्यौं। अझ पनि केही कदम उठाएनौं भने धेरै ढिलो हुन्छौं। केवल पत्र प्राप्त अनुसार मात्र बैठक बस्ने होइन, नयाँ कार्ययोजनासँग अगाडि बढ्नु आजको आवश्यकता हो।

मेरो यो हार्दिक खुल्लापत्रको उद्देश्य संघलाई अगौरव गर्नु होइन। तपाई संघ सदस्यहरू पनि निकै दिग्गजहरू हुनुहुन्छ। मेरो मुख्य उद्देश्य भनेको अब हामी कसरी अगाडि बढ्न सक्छौं ? भन्ने विषयमा बहस चलाउनु मात्र हो। अन्य कुनै यसको कारण छैन। नयाँ कार्य समितिलाई बधाई दिनुका साथै अबका यसका चुनौतीहरू अगाडि सार्नु र यसका सम्भाव्य योजनाहरूका बारेमा मार्ग प्रशस्त गर्नु नै मेरो मूल ध्येय हो। आशा लिएको छु की म जस्तो नवक भिक्षुको मनोभावना सम्बद्ध निकायमा गुन्जिने नै छ ?

*शुभचिन्तक*

*जनक*

# लोकतन्त्र विकसित गर्न नेताहरूसँग धर्मचित्त जरूरी



■ लोक बहादुर शाक्य

**पापोपि पस्सति भद्रं, याव पापं न पच्चति ।
यदा च पच्चति पापं, अथ पापो पापानि
पस्सति ।।**

(अर्थः जबसम्म मान्छेले गरेको कुकर्म पापको फल भोग गर्नु पर्दैन, तबसम्म पापीले पापकर्म गर्नु नै वेश, राम्रो र उत्तम सम्झन्छ, पापको प ञल प्राप्त भएपछि मात्रै उसले त्यो दुःखदायक हुन्छ भनी थाहा पाउछँ । )

आफूले अथवा अरुले गरेको कुकर्म कसैले नदेखेतापनि पाप गर्ने व्यक्तिभित्रबाट डराउने हुन्छ । अर्काको आँखालाई छोप्न सकिन्छ तर आप्नो चित्तलाई छोप्न सक्ने छैन । कुकर्मले सबैलाई दुःख दिइरहेतापनि धर्म र सुकर्मले शान्ति तथा सुख दिइरहन्छ । डराउने अवस्था पनि पर्दैन, आगोले कसैलाई पनि पक्षपात नगरी जलाइदिन्छ । ज्ञान नभएको व्यक्तिलाई आगोले भित्रसम्म पोल्छ । अज्ञानीले आगोको स्वभाव थाहा नपाउने भएकोले बेस्सरी समाउने हुन्छ ।

बुद्ध भनेको ज्ञान तथा धर्म भनेको स्वभाव, राम्रो बाटो, राम्रो काम, शुद्ध चित्तलाई भन्दछन् । ज्ञान धर्म सबैलाई चाहिन्छ । बुद्धले प्राप्त गर्नुभएको ज्ञान स्वयम्ले व्यवहारमा उतारी गाउँगाउँमा, नगर नगरमा र देशदेशमा भ्रमण गरेर सबैको हितको निमित्त धर्मदेशना उपदेश दिनुभयो । बुद्धोपदेशअनुसार आफ्नो कर्मको फल अरू कसैले भोग गर्नुपर्ने नभई आफैले भोग्नु पर्दछ । पिसुणवाचा भनेको अर्काको कुरा काट्नु, चुक्लि गर्नु, मिलेकालाई छुट्याउनु, कुरा सारेर झगडा गराउनु आदि अकुशल कामकुरो हो ।

माथिको डा. अनोजा अनागारिका कृत शान्ति-अभिप्रेरणा पुस्तक अनुसारको धर्मदर्शन मुताविक कसैलाई पनि दुःख तकलिफ दिनु हुँदैन साथै निर्दोष व्यक्तिलाई दोष दिनु पनि हुँदैन । यहाँ चिन्तन मनन् गर्नु पर्ने कुरा यो छ कि अकुशल काम कुरो गर्नेलाई अथवा राज्य प्रशासन सञ्चालनमा अनियमित भ्रष्टाचार मनपरि आदि गर्नेलाई विरोध गर्नु हुँदैन भनेको होइन । सुधारको मनोवृत्ति नभएमा कुनैपनि कामकुरो सुचारु रूपले चलाउन सक्नेछैन । अझ धर्मका पदाधिकारीहरूले पनि राजनीति विषयमा चासो लिई सद्धर्मअनुरूप राज्यप्रशासन संचालन गराउन बेलाबखतमा सुझाव दिई रहनुपर्दछ । साथै राजनीतिज्ञहरूले पनि धर्मचित्त उत्पत्ति गरेर विवेकशील हुनुपर्‍यो । अनि सद्धर्मअनुरूप राज्य प्रशासन संचालन गर्नसके मात्र शान्तिपूर्ण तथा समून्नत समाज सिर्जना गरी प्रगतिशील र राम्रो देश बनाउन सामर्थ्य हुन्छ ।

२५५२ औं पवित्र स्वाँयापुन्हि बुद्धजयन्तिको उपलक्ष्यमा युवक बौद्ध मण्डलबाट आयोजित नेकपा (माओवादि) का अध्यक्ष प्रचण्ड पनि प्रमुख अतिथि हुनुभएको, बृहत बौद्ध सभामा अखिल नेपाल भिक्षु महासंघका सचिव श्रद्धेय भिक्षु कोण्डन्यले धर्मदेशनाको शिलशिलामा “मार्कसले भौतिकवादको प्रगति गर्नु भएको थियो भने, दुःखबाट मुक्त हुनको निमित्त बुद्धले क्रान्तिको रूपमा धर्मदेशना प्रादुर्भाव गर्नुभएको हो, बौद्धिक स्वतन्त्र चिन्तनको आधार लिएर मानवीय अधिकारको साथै पशु अधिकारको पनि ख्याल राखी महत्वपूर्ण पाइला चाल्नुभयो । आज देशको अवस्था नाजुक भइरहेको क्रममा “सानालाई ऐन ठूलोलाई चैन” अनि “भाई फुटे गँवार लुटे” भइरहेकोले सबैले राम्ररी कर्तव्य पालन गर्नु परिरहेको छ । आ-आफ्नो डम्फू मात्र बजाई रह्यो भने देशलाई सुधार्न सकिँदैन । भावी संविधानमा धर्मनिरिपेक्ष राज्य निश्चित रूपले समावेश गर्नुपर्‍यो, अजातशत्रु राजाले वज्जिहरूसँग युद्ध गर्न लागेको बेला बुद्धले वज्जिहरूलाई उपदेश दिइराखेको सात अपरिहानीय धर्म सबै मिलेर भेला भई छलफल गर्नुपर्ने, नीति पालन गर्नुपर्ने, प्रज्ञप्त गरिराखेको शिक्षा नियम उल्लंघन नगर्ने, स्मृतिवान र शीलवान हुनुपर्ने, मैत्री भावना राख्ने र सम्यक दृष्टि राख्ने” पालन गरेसम्म वज्जिहरूको परिहानि हुने छैन भन्ने देशना बुझी चर्या गर्नुपर्‍यो, नेताहरूको दिमागमा ब्रेन वास गर्नु परिरहेको छ भनी अति सान्दर्भिक उद्गार व्यक्त गर्नुभयो ।

यस्तै तरिकाले स्वाँयापुन्हिका दिन बुद्धजयन्तीको उपलक्षमा आनन्द कुटी विहारमा आयोजित, सभामुख सुवास नेम्वाङ तथा गृहमन्त्री कृष्णप्रसाद सिटौला पनि उपस्थित हुनुभएको सार्वजनिक बौद्ध सभामा पनि भिक्षु कोण्डन्यको देशना “सामाजिक धार्मिक राजनितिक क्षेत्रमा बुद्धदर्शन चतुरार्य सत्य, अष्टाङ्गिक मार्ग, कार्यकारण प्रतीत्यसमुत्पाद आचरण गर्नुपरेको छ, सिद्धान्तमा मात्र नरही व्यवहारमा नै लाग्नुपर्‍यो, वादविवाद तथा भैभगडा होइन मेलमिलापको वातावरण विकसित गर्नैपर्‍यो, आणविक शक्तिमा दादागिरी गर्न नहुने आफू आफ्नो जिम्मेदारीको चासो लिई समभदारीको आधारमा समस्या समाधान गर्नुपर्ने, कुरा ठिक्क काम दिक्क हुनु भएन” वर्तमान स्थिति र समय सुहाउँदो सारगार्भित मनसाय भयो, भन्तेको अभिव्यक्तिलाई कार्यक्रममा उपस्थित उच्च पदाधिकारीहरूले सकारात्मक दृष्टिकोणमा व्यक्त गरेको सुन्न पायो । धर्म, राजनीति, समाज, नागरिक क्षेत्रका नेता र पदाधिकारीहरूले सबै धर्मको उद्देश्य भनेको “कुशल मंगल काम कुरो गर्ने भन्ने, मैत्री, करुणा, समान भावना विकसित गर्ने परोपकार गर्ने बोध गरी व्यवहारमा प्रयोग गर्न सके मात्र लोकतन्त्र विकसित गर्न सक्नेभयो । ू

# ईश्वर ‘बाल अन्धविश्वास’ होः आइन्स्टाइन

आधुनिक विज्ञानका पिता मानिएका प्रख्यात वैज्ञानिक अल्बर्ट आईन्स्टाइनको ईश्वरप्रतिको धारणा कस्तो होला भन्ने प्रश्न सधैं सबैका लागि कौतुहलता र चर्चाको विषय हुने गरेको छ ।

ईश्वरप्रतिको आफ्नो धारणा आइन्स्टाइनले विभिन्न समयमा व्यक्त नगरेको होइन तर ती अभिव्यक्तिहरूकै आधारमा उनको विचार ईश्वरप्रतिको उनको मान्यता विवादस्पद हुने गरेको पाइन्छ ।

यसै हप्ता लन्डनमा बिक्रीका लागि राखिएको आइन्टाइनको एक पत्रमा उनले ईश्वरप्रतिको विश्वासलाई ‘बचपना अन्धविश्वास’ भएको र यहुदी कुनै विशेष व्यक्ति नभएको उल्लेख गरेको छ ।

सन् १९५४ मा एक जना दार्शनिकलाई जवाफ दिने क्रममा लेखिएको यस पत्रले सापेक्षतावादका प्रवर्तकको धर्मप्रतिको आस्थालाई चिरेको छ ।

आफै एक यहुदी रहेका आइन्स्टाइनले यहुदीहरूप्रति आफ्नो ठूलो लगाव भएपनि ‘तिनीहरू अन्य मानिसहरू भन्दा मेरा लागि फरक गुण’ भएको जस्तो नलागेको बताएका छन् ।

‘ईश्वर शब्द मेरो लागि मानव कमजोरीको अभिव्यक्ति तथा उपजबाहेक केही होइन । बाइबल ग्रन्थ हो तर त्यसका प्राचीनतम कुराहरू राम्रा बालकथाजस्ता छन् ।

‘कुनै व्याख्याबिना कसरी यसलाई परिवर्तन गर्न सक्छ ?’- दार्शनिक इरिक गटकिन्डलाई सन् १०५४ मा लेखेको उक्त पत्रमा उनले उल्लेख गेको द गार्जियन समाचारपत्रले जनाएको छ ।

५० वर्षसम्म निजी संकलनमा रहेको जर्मन भाषामा लेखिएको उक्त पत्रलाई मेको व्यापारिक मेलामा ब्लुमस्वरी अक्सनले लिलाम गरे संस्थाका प्रबन्धक निर्देशक रूपर्ट पावेलले बताए ।

इजरायलले दोस्रो राष्ट्रपति बन्नका लागि आएको प्रस्ताव अस्वीकार गरेका प्रख्यात वैज्ञानिक यहुदीहरू ईश्वरका विशेष कृपा पात्र(सन्तान) भएको भन्ने धारणालाई नकारेका छन् ।

आफू पनि यहुदी भएको र तिनीहरूको मानसिकताको गहिरो छाप रहेपनि अन्य व्यक्तिहरूभन्दा यहुदीमा फरक गुण आफूले नपाएको पत्रमा उनले बताए ।

‘अहिलेसम्मको मेरो अनुभवबाट तिनीहरू अन्य मानव समूहभन्दा उत्कृष्ट होइनन् । तापनि शक्तिको अभावबाट ग्रस्त भएर पनि तिनीहरू विशेष भएको केही देख्दिनँ ।’

यसअघि विख्यात वैज्ञानिकले धर्म सम्बन्धमा गर्नुभएको चर्चित टिप्पणी ‘विज्ञान बिना धर्म लँगडो हुन्छ, धर्मबिनाको विज्ञान अन्धो हुन्छ’ धर्मको पक्षमा उनको आस्था सकारात्मक रहेको अर्थमा थुप्रै वादविवादमा आउने तर्कका रूपमा रह्यो ।

यस हप्ता नै बिक्री हुने यस पत्रले ईश्वरप्रति आइन्स्टाइनको वास्तविक धारणा प्रतिविम्बित गर्ने पालेलले बताए ।

*लन्डन, (एएफपी)*

# बुद्धजयन्तीको लागि वामीटक्सार जाँदा..........

■ श्रामणेर पुञ्ञवन्तो
विश्व शान्ति विहार

२५५२ औं बुद्धजयन्ती मनाउन काठमाडौं गोङ्गबु बसपार्कबाट हामी चारजना श्रामणेरहरु (इन्द्रियो, जोतको, सुचिरो, पुञ्ञवन्तो) बुद्धजयन्ती मनाउन २०६५ जठे ४ शनिवार एउटै बसबाट यात्रा गरेर रिडीसम्म सँगै गयौं । काठमाडौंबाट रिडी सम्म जाँदा केही समस्या आईपरेन । बाटो पनि राम्रो नै थियो । बसको झ्यालबाट पहाड रूखहरू, फूलहरू आदि प्राकृतिक सौन्दर्यहरु हेरेर मनै आनन्द भयो । काठमाडौंबाट दिउँसो ३ बजे बस गुडेर रिडीमा विहानको ३ बजे पुग्यो । यसरी १२ घण्टा लगाएर काठमाडौंबाट रिडीसम्म यात्रा गऱ्यौं । रिडीमा पुगेपछि एकजना उपासकले हामीलाई लिन आउनुभएको थियो । उपासकको घरमा गएर एकछिन आराम गऱ्यौं । बिहानको ६:३० बजेतिर हामीलाई जलपानको लागि बोलाउनुभयो । हामीले पनि अनुमोदन गरेर जलपान गऱ्यौं । त्यस पछि हामी रिडीमा रहेको विहार र पहाड खोला आदि ठाउँ घुम्न गयौं । घुमेर आएपछि हामी उपासकको घरमा गएर कुराकानी गऱ्यौं । ११:०० बजे अनुमोदन गरेर भोजन गऱ्यौं । त्यो नै हाम्रो पहिलो भोजन थियो । भोजन गरेर म र अर्को एकजना सामणेर इन्द्रियो वामीटक्सार जानको लागि रिडीवाट बिदा लिएर वामीटक्सार जाने बसमा चढेर वामीटक्सार तर्फ लाग्यौं ।

काठमाण्डौबाट रिडीसम्मको बाटो त राम्रो नै थियो तर रिडीदेखि वामीटक्सार जाने बाटो सानो र कच्चि बाटो थियो । पहाड छेउ छेउ हुँदै अगाडि लम्किदैं थियौं । वामीटक्सार पुग्न करिब करिब १/२ घण्टा बाँकी थियो । तब पानी पर्न थाल्यो । पानी परेकोले गर्दा बाटो चिप्लो थियो र हिलैहिलो भयो । त्यसकारण बस वामीटक्सारसम्म पुग्न सकेन । हामी वामीटक्सार जानुको प्रमुख कारण बुद्धजयन्ती मनाउन र बुद्धधर्म प्रचार गर्नको लागि थियो । हामीले बाटोमा दुईजना दाईहरूलाई भन्यौं तपाईहरूलाई वामीटक्सार जाने बाटो थाहा छ ? भनेर सोध्यौं । उनीहरूले भने हामीहरू पनि वामीटक्सार जान लागेको भने । उनीहरूले भन्यो तपाईहरूलाई वामीटक्सार जान आउँदैन भनेर सोध्यो । हामी पहिलो पटक आएका हौं भनेर जवाफ दियौं । उनीहरूले हामीसँगै जाऔं न भनेर भने । उनीहरूसँगै गयौं । हामीहरु बाटामा जाँदा उनीहरुसँग विभिन्न किसिमको कुराकानी भयो र बुद्धधर्मको बारेमा पनि विभिन्न प्रश्नहरू सोधे । हामीले पनि ती प्रश्नहरूको उत्तर दियौं । यसरी विभिन्न कुराकानी गर्दै हिड्दै गयौं । पानी परेको कारणले बाटो हिलो थियो । तैपनि हामीहरू विस्तारै वामीटक्सारतिर लागिरहेका थियौं । बाटोमा धेरै हिलो भएको कारण जुत्तामा हिलो टाँसियो साथै खुट्टामा पनि टाँसियो । माटोले गर्दा खुट्टा उचाल्नै गाह्रो भयो । वामीटक्सार पुगेपछि हामीले एकजना उपासकलाई भेट्यौं । उपासकलाई भेटिसकेपछि ती दुई जना व्यक्तिलाई धन्यवाद दियौं र उपासकसँगै हामी घरतर्फ लाग्यौं । हाम्रो खुट्टा फोहर भएकोले उपासकको घरमा पुगेपछि हामीले पहिले खुट्टा धोयौं । खुट्टा धोएपछि उपासकसँग कुराकानी गऱ्यौं । कुराकानी गरेपछि राती भइसकेकोले हामीलाई व्यवस्था गरिरहेको कोठामा आराम गर्न गयौं । भोलिपल्ट ६ गते हामी वामीटक्सार गाउँ घुम्न गयौं । त्यँहा धेरै पहाडहरु मात्र थिए । त्यहाँको विशेषता भनेकै हाँडि खोला र जुन पहाडले घेरिएको थियो । हामी हाँडि खोला घुमेर आयौं र उपासकको घरमा फर्की र भोजन गऱ्यौं । यो भोजन हाम्रो दोस्रो भोजन थियो । ७ गते बुद्धजयन्तीको दिन हामी विहान उपासकको घरमा जलपान गरेर घरबाट विहारतर्फ गयौं । विहारमा सबै उपासक उपासिकाहरू जम्मा भएपछि भगवान् बुद्धको मूर्तिलाई सानो रथमा लगेर राखियो र रथलाई नगर परिक्रमा गराउन विहारबाट लगियो । हामी पनि रथसँगै नगर परिक्रमा गर्न गयौं । पूरै नगर परिक्रमा गर्दा धेरै समय लाग्ने भएकोले हामीलाई उपासकले बोलाउनुभयो । उपासकले हामीलाई भोजनको लागि

अबेर हुन्छ भनेर भोजनको व्यवस्था पनि मिलाई दिनुभयो । भोजन गरेपछि हामी विहारमा गयौं । यो भोजन हाम्रो तेस्रो भोजन थियो । सबै उपासकहरू रथ परिक्रमा गरेर विहारतर्फ आए । सबै उपासक उपासिकाहरू विहारमा भेला भएपछि हामीले बुद्धपूजा गर्‍यौं र शील समादान गरायौं । त्यसपछि मैले उपदेश दिएँ । उपदेश दिइसकेपछि सबै उपासक उपासिकाहरुले दानप्रदान दिनको लागि आ-आफ्नो स्थानबाट उठेर आउनुभयो र दानप्रदान गरे । दानप्रदान गर्ने कार्यक्रम सकिसकेपछि सबै उपासक उपासिकाहरू जलपान गरेर आ-आफ्नो घरतर्फ लाग्नुभयो । हामी एकछिन विहारमा बसेर उपासकको घरमा गयौं । केही कुराकानी गर्‍यौं । भोलिपल्ट हामी वामीटक्सारबाट बिदालिएर हामी अरु दूईजना श्रामणेरहरूलाई लिन रिडी गयौं । रिडीबाट हामी इन्द्रियो श्रामणेरले भनेअनुसार हेटौंडा घुम्न गयौं । हेटौंडामा रहेको राप्ती नदिमा खेल्न गयौं । पानी सफा पनि थियो । राप्ती नदि खेलेर आएपछि हामी भोलिपल्ट काठमाडौं फर्केर आयौं । हामी सबैको यात्रा सफलता पूर्वक सकिएको छ............। ॱ

पाप कर्म कहिल्यै नगर्नु ।
पुण्य गर्दै जानु ।
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।
VISHWA MOTOR TRADERS
बिश्व मोटर ट्रेडर्स
ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फायक्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np
टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

# "बुद्ध तिम्रो खाँचो छ"

■ *उर्मिला सापकोटा (शाक्य)*

जतातत्तै हत्या हिंसा रगतको खोलो बग्यो ।
अत्याचार आतङ्कले देशमा झन् हाहाकार भयो ॥
शान्ति क्षेत्र देशको पनि इज्जत अब कहाँ गयो ।
अस्तित्वलाई जोगाइराख्न बुद्ध तिम्रो खाँचो भयो ॥

आमा बाको सहारा थियो जो अकालमा मर्नुपर्‍यो ।
बैंस भर्खर फुल्दै थियो भाउजू विधवा हुनुपर्‍यो ॥
साना नानीको के कसुर छ टुहुरा तिनले बन्नुपर्‍यो ।
अझै पीडा कति भोगौं अब शान्ति भन्नुपर्‍यो ॥

मन्दिर मूर्ति सडक पार्क आन्दोलनको अखाडो भो ।
ढुङ्गामुढा थोत्रा बोतल तिनीहरुको अलङ्कार भो ॥
प्रकृति नै रूदै छरे आँखा पिरो भयो भनी ।
अश्रुग्याँस टायरको धुवाँ रोक्न आऊ बुद्ध तिमी ॥

पढ्न जाँदा भाइबहिनी सधैं डराउँछन् त्यहाँ ।
अपहरण तिनकै हुन्छ खेल्दा पाउँछन् बम यहाँ ॥
शान्ति क्षेत्र थियो रे नेपाल भनी सोध्छन् आई सब ।
तिनीहरूको जिज्ञासालाई मेटाइदेऊ बुद्ध आई अब ॥

हायो अब प्रजातन्त्र भनी कति बुझाऊँ खोई ।
प्रजातन्त्रमा राजतन्त्र आयो बसे सबै जनता रोई ॥
राजतन्त्रको दासताबाट देशलाई मुक्त गर अब ।
हामी उपासकसाथ दिन्छौं शान्ति ल्याऊ बुद्ध तब ॥

तिम्रौ जन्मभूमि हो देश धेरै पवित्र छ ।
जन्मे फेरि भृकुटी सीता जनककै धर्ती यो छ ॥
त्यसैले त शान्ति चाहियो हामी उपासक
उपासिकालाई ॥
छिटै फर्क बुद्ध नेपाल सहभाव बनाउनलाई ।

सहन सक्ने हिम्मत छैन भाइ भाइ मर्छन यहाँ ।
त्यसैले त शान्ति चाहियो बुद्धले ज्योति छर्छन जहाँ ॥
कति हुन्छ छत्या हिंसा अब शान्ति छाउनुपर्‍यो ।
नयाँ देशको निर्माण गर्न बुद्ध तिमी आउनुपर्‍यो ॥

# Donation after the Death



■ *Prof. Suwarna Shakya*

There is a trend of giving donation in the name of deceased person after his / her death in Nepal. According to the traditional culture method of here also, from the day of death, from the clothes if the objects that he used while he was alive and money in his name is used to be donated. The donation is given to the priests, ascetics and monks by wishing that may the deceased soul get liberation abode at the heaven and Sukhawatibhuvana on the 7th day.10th day, 15th day, 45th day and on3rd month, 6th month, 1st year and 2nd year and also donation is given is given by conducting the ceremony every year in honour of deceased relatives. The remembrance, reverence and intimacy that is shown by giving donation in the name of deceased person after the death is very praiseworthy kindness. The donation is given and the method of worshipping etc is applied by wishing that the pleasure of the deceased soul and thinking that he would not get different types of troubles that is described in the ancient scriptures and go through the redoubles of reaching the hell. In the veneration of parents who have died already, the children take holy bath in different shrines and donates things and money. As the new concept has arisen, some keep the status of their relatives in their memories. It is also in fashion to donate things, publish book, establish permanent fund for the prize etc as charity and provide the asset in the name of one's late relative. In this way, by desiring for the welfare and pleasure of deceased one, the objects that remain with us is donated.

The significance of donation is greater in Buddhism. Any kind of donation that is provided any time is considered as the utmost highest quality among the human virtues. In this way, donation that is given after the death as the commemoration can be regarded as a kind of remarkable donation.

As the people desire for the welfare of their deceased relatives even in forthcoming births by realizing the merits of those deceased souls and donating the overall wealth and property even of own share after the death, it won't be less intimate than showing respect after the death by providing the donation if one can become equal well-wisher and provide assistance and care by being closer in the period of their sickness, old age and moment of distress while they were alive. The policy, rule and conduct over the behavior of relative are clearly described in the didactics of Buddhism. The regulation of greeting daily to the east-west and such ten direction in the symbolic way by embracing the faith and compassion towards one's relative is still prevailing in Buddhism. When one recalls relative, there will be no matter of bigger or smaller in practice and all of them will be counted equally respectable and dearest. But even though, it is seen somewhere and sometimes only that they are treated in such respectful manner while they are alive than after the death. The relatives are not provided with respectful manner while they are alive as they were after the death. It is not that there is no Nepalese culture to convey the faithful feeling during the period of living in the society like these rituals after the death. There are also the faithful trends of life procedure that prevails in Nepalese society like fasting and faith in festivals. In this way there is the culture of Nepalese people that is full of several anniversaries such as children's day, friend's day, sisters' and brother' day, son-in-law and father-in-law day, husband and wife's day etc. in these kind of customs there is the trend of giving charity among each other. Today, such trends of faith among each other have been limited only to methods and the real moderate sentiment of faith has been degraded. It would have been the task of development of this earth and welfare of mankind if we can utilize the culture by involving in its conservation, reformation and righteous conduct and also utilizing it in accordance to time in a scientific way. We are experiencing that Nepal is being running in the state of disorder as turmoil has shadowed which is before known as the peaceful great land due to ignoring the concept of reforming, conservation and implementation of culture in practice. In this peaceful divine land of gods and goddesses, we cannot even encompass the teachings of historical world-renowned great wise man lord

gautama Buddha. It is indisputable that Buddha is considered as the emblem of peace in today's world.

If the attempt was made to show the faith, closeness and well wishing manner by daily care and behavior keeping the faith that is done after the death at its place, we could have gain victory over the elements that are explained in religious texts such as desire, anger, gluttony, allurement, frenzy, envy, jealousy, enmity, passion etc. after getting victory over these elements our virtues like donation, nature, endurance, wisdom, meditation, knowledge and strength will get increased and Nepal will become the real the sacred territory. It could be said so. If we have been calling this country's name as divine land, peaceful land, sacred land, heavenly region, religious land and blissful land we can regard it to be significant. We would not have to hesitate to say that the religious texts should be burnt, flow into the river or dumped into the soil if we are only to verbalize the words as to display proud like shining showy teeth of the synonym in order to blame this country which is known as such lands.

It would not be proper to think useless about the cultural contemplation of taking high ambition is proper. The cultural methods have been implemented by believing in wonderful things that are elucidated in ancient scripture and texts as their fostering. Similarly, it would be improper to think impossible about the matter of communal welfare and gratification that Buddha has imagined. If the eightfold path that Buddha has described becomes only the matter of writing and reading and if we to stay saying that we won't follow Buddhism, Buddha will become the character of laugher daily. And it won't be impossible that the peace will even get devaluated. Whenever the science has been filled with much artificiality. As the highest mountains of world has remained in Nepal without being moved a bit by the wind and tycoon, although the wind of world market had much effect in Nepal, it would be considered as being comparative with single wise man Buddha to believe that Nepalese people will remain attached in peaceful conduct. It will be braveness to show the example of committing the things that none has done and no where has happened and to imitate others are only be considered as becoming slave.

It will be new proposal to select the Buddha's birthday as the day of bringing into practice the fostering of devotional expression that is done to men only after the death while in the living condition. The things that is becoming desirable may not be unnatural that Buddhists should have enthusiasm to celebrate the lumbini day as the day of practical day of Buddha's teaching as the buddha's birthday is celebrated us the lumbini day.

There is a proverb in Newari Lnaguage-"*Dattale Kucha:, Madayeka: Bicha: Pyanudayeka: Lo: Cha:"*. That means- people don't take care of relatives taking them as obstruction, they carry on saying that they will think after the death, and on the fourth day they will just express their grief as a usual practice. This proverb has a greater relationship with the practice and conduct of donation in the name of deceased person after the death. It is not that giving donation after the death is being taken here as bad but it is of course trying to convey consciousness that the cripple behavior like this trend of expressing faith after the death whereas neglecting the pain that a person undergoes while he was alive seems selfish and artificial but not that of fully faithful should be improved. Nowadays, the behavior of not counting the living man as the man is being raised. The humanity is not seen being arisen while the people are living hungry and are wandering with pain and suffering. Even the children could not look after their parents while they remain alive. After their death, they will manage different donation such as land donation, grain donation, cloth donation, money donation, donation of flowers and fruits etc. today it seem that life much hated whereas the death is loved and respected. There is Buddha's instructions that *don't spoil the present life by being entrapped in rebirth and past life.* This age of turning any superior and the real education into paperwork has created a mattock of being educated. Now there remain no practical test and valuation of the conduct and behavior that improves life. In this context, it will be a new concept to accept as a phrase about granting knowledge that people should make the donation given after the death a meaningful donation in existing phase of man. This sort of concept might help to make space to think that it will decrease hypocrisy, superstition, the greed of name and fame and wickedness. We can hope that this type of views will get decreased and there will be advancement of god conduct. Then, we can get encouraged in the perception that both this world and next world both will be improved.

# बौद्ध गतिविधि

नेपाल बौद्ध परिषदको वार्षिक समारोह
२०६४ साल चैत्त ९ गते । ललितपुर ।

कोपुण्डोलस्थित सातोआकि स्मृति भवनमा नेपाल बौद्ध परिषद्को द्वितीय साधारण सभा तथा दशौं वार्षिक समारोह सम्पन्न भएको छ । परिषदका अध्यक्ष महीश्वरराज वज्राचायको सभापतित्वमा सम्पन्न सो समारोहमा पूर्व मेयर बेखारत्न शाक्य तथा पालि त्रिपिटक ग्रन्थका अनुवादक विद्वान दुण्डबहादुर वज्राचार्यलाई बुद्धधर्मको क्षेत्रमा पुऱ्याउनुभएको योगदानलाई सम्मान गर्दै कदर-पत्र प्रदान गरियो ।

पूर्व मुख्य सचिव तथा लोक सेवा आयोगका वर्तमान अध्यक्ष तीर्थमान शाक्य विशिष्ट अतिथिको रूपमा सहभागी हुनुभएको सो समारोहमा परिषद्का महासचिव पूर्णमान चित्रकारले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो भने कोषाध्यक्ष सूर्जमान वज्राचार्यले आयविवरण प्रस्तुत गर्नुभयो । त्यसैगरी आजीवन सदस्य वंशीधर वज्राचार्यले प्रस्तुत गर्नुभएको विधान संशोघन प्रस्ताव सर्व सम्मतिले पारित भयो ।

मुनि विहारमा सीमा सम्मुति विधिसम्पन्न
वैशाख १४ गते । भक्तपुर ।

विगत ६ वर्षदेखि भक्तपुर, इनाचो टोल, मुनि विहारमा निर्माण भइरहेको उपोसथागार वा सीमागृहको सीमा सम्मुति कार्यक्रम सम्पन्न भएको छ । थाइल्याण्डका परमपूज्य संघराज सम्देत फ्रा. ञाणसंवर सुवड्ढन महाथेरका सचिव तथा प्रतिनिधि पूज्यवर भिक्षु फ्रा. थेपसारवेदीका नेतृत्वमा आएको १४ सदस्यीय वरिष्ठ थाइ भिक्षुहरूको संघबाट दिउँसो ३.४० बजेदेखि ५.३० बजेसम्म सो सीमा सम्मुति विधिबाट पूर्वांग भाग सीमा समुहन विधि सम्पन्न गरियो । सोही संघले भोलि पल्ट आइतबार विहान ९.३० बजेदेखि ११.०० सम्म सीमा सम्मुति विधि सम्पन्न गरेको छ । यस संघमा सम्मिलित निम्न लिखित भिक्षुहरू हुनुहुन्थ्यो-

1 .PHRATHEPSARAWETHEE, WAT BOVORANIVES VIHAR,BANKOK,HEAD
2. PHRATHAMVARAJARAYA, WAT BOVORANIVES VIHAR,BANKOK,DEPUTY HEAD
3. PHRABOVORANSUDDHIVONG, WAT BOVORANIVES, BANKOK
4. PHRARATTHAMMOLEE,WAT KAEOPITAKCHARENTHAM,BANKOK
5. PHRARATCHAGKOLWAT, WAT CHULCHIT THAMMARAM, WANGNOL, AYUTTHAYA
6. PHRARATTHAMASUTHI, WATPHRAMAHATHAT, NAKORNSITHAMMARAT
7. PHRABUNSUK THAEMKAEW,WAT SIRINTONTHEPRATNARAM,AOUMYAI, NAKORNPATHOM
8. PHRAMAHA PHIRADEJ KITTIJAROENPORNNGAM,WAT BOVORANIVES VIHAR, BANKOK
9. PHRAKHRUWINAITHORN NAT RUBRUAM,WATBOVORANIVES VIHAR,BANGKOK
10. PHRA SHRAMANER WIPASSI, WAT BOVORANIVES VIHAR,BANGKOK,(NEPALI)
11. PHRAKHRUPRASATBHUDDHAPARIT,WAT BOVORANIVES VIHAR,BANGKOK
12. PHRA DIHAN THANAVARO,WAT BOVORANIVES VIHAR, BANGKOK, (INDONESIAN)
13. PHRAPRAIT WONGPRASUT,WAT SIRINTONTHEPRATNARAM, AOUMYAI, NAKORNPATHOM
14. PHRAMAHA SURAT IAOHEED HEAD OF WAT THEPRATTANARAM,SAMUTSAKORN

यस विधिमा दाता समूहका तर्फबाट थाइल्याण्डस्थित विश्व बौद्ध भातृत्व संघका अध्यक्ष Mr. Phan Wannamethee,Thailand र उनका श्रीमति

World Buddhist University का रेक्टर Assistant Professor Noraniti Setthabut (Thailand) ले पूर्वदिसाको सीमा निमित्त राख्नुभएको थियो । त्यस्तै नेपालको लागि थाइल्याण्डका कार्यवाहक शाही राजदूत ले दक्षिणदिशाको, धर्मोदय सभाका उपाध्यक्ष माननीय लक्ष्मीदास मानन्धर तथा सचिव सुचित्रमान शाक्यले पच्छिम दिशाको, त्यस्तै उपोसथागार निर्माण समितिका अध्यक्ष रामकृष्ण वैद्य तथा सदस्यहरूले उत्तरदिशाको सीमा निमित्त राख्नुभएको थियो । कार्यक्रममा थाइल्याण्डका अन्य पाहुनाहरूमा Mr. Wiwat Musika,Mrs Thanida Rattanasewee / Mr. Sudechin Rattanasewee हरूको पनि उपस्थिति थियो ।

स्मरणीय छ, पूज्यवर भिक्षु फाथेपसारवेदीको उपाध्यायत्वमा दिउँसो १८ जना कुलपुत्रहरूको प्रव्रज्या कार्यक्रम पनि सम्पन्न भएको थियो । यसअघि यो सालभित्र मात्र ८० जना श्रामणेरहरू प्रव्रजित भइसकेका छन् । थाइल्याण्डका राजा भूमिबल अदुल्यदेजको ८० औं शुभ जन्मोत्सवको उपलक्ष्यमा विश्व बौद्ध भ्रातृत्व संघले मुनि विहारमा ९८ जना सप्ताहव्यापि श्रामणेर प्रव्रज्या कार्यक्रम र यो सीमा सम्मुति कार्यक्रमको प्रायोजन गरेको हो । यसका श्रामणेरहरूमध्ये ३० जना थाइल्याण्डमा अध्ययनार्थ गइसकेका छन् । थाइल्याण्डमा मुनि विहारका श्रामणेरहरू ९४ जना अध्ययनरत छन् ।

## नयाँ बौद्ध परियति केन्द्रको शुभारम्भ

१ जेष्ठ, आधुनिक शिक्षाले बालबालिकालाई शिक्षित र शैक्ष्य मात्र तुल्यायो, तर समाज, परिवार तथा राष्ट्रप्रति आफूले गर्नु पर्ने दायित्वलाई बोध गर्न सक्षको तुल्याउन सकेन जसको कारण उ सक्षम र शिक्षित भएता पनि सही मूल्याङ्कन गर्न सिकिरहेका छैनन् । यसो हुनुको मुख्य कारण भनेको उनीहरूलाई कर्तब्यपरायण र सहनशीलताको अभावको कारणले भन्दा अतिसयोक्ति नहोला । यसैलाई आधारमानी श्री लंकामा बौद्ध दर्शन तथा आधुनिक शिक्षा प्राप्त भिक्षु पियदस्सिको सक्रियता तथा कार्यान्व्यनमा पवित्र तीर्थको रूपमा ख्याति प्राप्त स्थल मातातिर्थमा अवस्थित चतुब्रह्मा मातातीर्थ विहारमा स्थानीयबासीलाई बौद्ध परियति शिक्षाको अध्यापन कार्य शुरु गरिएको छ । उक्त कार्यलाई स्थायित्वको लागि सहयोग अपेक्षा गरिएको छ ।

## भिक्षु विमलानन्द महास्थविरको प्रतिका अनावरण

२०६५ जेष्ठ ४ गते

लुम्बिनीको शाक्यमुनि विहारमा भिक्षु विमलानन्द महास्थविर दिवंगत हुनुभएको दुई वर्षको तिथि परेको दिनमा उहाँको प्रतिमाको अनावरण श्रद्धेय उपसंघनायक भिक्षु अश्वघोष महास्थविरबाट भएको छ । त्यसैगरी सोही दिन लुम्बिनी धर्मोदय उपसमितिको आयोजनामा श्रद्धेय भिक्षु विमलानन्द महास्थिविरको दोस्रो वार्षिक पुण्य-तिथी तथा स्मृति-सभा कार्यक्रम सम्पन्न भएको छ । लुम्बिनी धर्मोदय उपसमितिका सभापति चकोरमान शाक्यको सभापतित्वमा शुरु भएको कार्यक्रममा प्रमुख अतिथी लुम्बिनी धर्मोदय समिति केन्द्रीय अध्यक्ष उद्योगपति श्री पद्मज्योति हुनुहुन्थ्यो । कार्यक्रममा लुम्बिनी धर्मोदय समितिका केन्द्रीय महासचिव शीलबहादुरले भिक्षु विमलानन्द महास्थविको जीवनी प्रकाश पार्नुभयो । बौद्ध संघसंस्थाहरू तर्फबाट पूर्णमाया महर्जन, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशव मान शाक्य, प्रमुख अतिथि पद्मज्योतीले दिवंगत भन्तेको जीवनीबारे आ-आफ्नो भनाई राख्नुभएको थियो । सो कार्यक्रममा लुम्बिनीमा बस्नुहुने विहार गुम्बाका अन्तर्राष्ट्रिय भिक्षु अनागरिकारू सहभागी हुनुहुन्थ्यो भने कार्यक्रमको संचालन लुम्बिनी धर्मोदय उप-समिति का सह-सचिब सुवर्णमुनि शाक्यले गर्नुभएको थियो ।

## जेलमा बुद्धजयन्ति मनाइयो ।

जेठ ५ गते

आफूले गरेका नराम्रा कर्म र आफ्नो कर्मको फल भोग गरिरहेका कारागरका बन्दीहरूमा पनि धर्मचित्त उत्पन्न होस् भन्ने उद्देश्यका साथ भद्रबन्दि गृहमा बुद्धजयन्ती मनाइएको छ ।

बौद्ध शिक्षा तथा सामाजिक विकास केन्द्र, नेपालद्वारा आयोजित सो कार्यक्रम भिक्षु कुमारकाश्यप महास्यविरको प्रमुख आतिथित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा भिक्षु पियदस्सीले प्रवचन दिनुभएको थियो । स्मरणीय रहोस्, विगत २०६१ सालदेखि यस जेलमा अनवरत रूपमा बुद्धजयन्ती मनाइदै आएको छ ।

प्रवचन कार्यक्रम सम्पन्न

जेठ ५ गते ।

बौद्ध साहित्यमा विभिन्न नियात्रा लेखहरू लेखी आफ्नो छुट्टै व्यक्तित्व बनाउनुभएका घनश्याम राजकर्णिकारले २५५२ औं बुद्धजयन्ती उपलक्ष्यमा वर्तमान अवस्थामा बुद्धको शान्ति सन्देश विषयक प्रवचन कार्यक्रमको आयोजना गर्नुभएको छ ।

कार्यक्रममा सभासद् भिक्षु आनन्द र भिक्षु कोण्डन्यले यस विषयमा प्रवचन दिनुभएको थियो ।

पाटनमा YMBA द्वारा बुद्धजयन्ती सम्पन्न

६ गते जेठ

"YMBA नेपाली बौद्धहरूको YCL हो" भन्ने ठट्टा पारामा भन्दै नेपाली जनताको हित र सुखका लागि आफूहरूले पनि ठूलो त्याग गरेको भन्दै नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले नेपालमा भगवान् बुद्धको उचित सम्मान हुन नसकेको कुरा उल्लेख गर्नुभएको छ ।

युवा वौद्ध मण्डलको आयोजनामा पाटनको लोकाकीर्ति विहारस्थित उहाँले सो कुरा व्यक्त गर्नुभएको हो । २५५२ बुद्धजयन्तीको पावन अवसरमा सो संस्थाले ध्यान शिविर, श्रामणेर अनागारिका प्रब्रज्या भिक्षाटन जस्ता कार्यक्रमहरूको पनि आयोजना गरिएको थियो । YMBA का अध्यक्ष सानुराजा शाक्यको सभापतित्वमा सम्पन्न सो सभामा प्रमुख अतिथि अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमारकाश्यप महास्थविर दानबहादुर शाक्य र विशिष्ट अथितिमा प्रचण्ड थिए भने सभामा वर्षमान पुनः, राजकाजि महर्जन, भिक्षु आनन्द र जापानी राजदूत उपस्थित हुनुहुन्थ्यो । उक्त सभामा अ.ने.भि. महासंघका सचिव भिक्षु कोण्डन्यले धर्मदेशना गर्नुभएको थियो ।

**नेपाल स्थित संयुक्त राष्ट्र भवनमा बुद्धजयन्ती**

संयुक्त राष्ट्र संघले बुद्धजयन्तीमा दिन सार्वजनिक विदा घोषण गरेसँगै बुद्धजयन्ती कार्यक्रम मनाउँदैआएको छ ।

यसरी नै २५५२ औं बुद्धजयन्तीको अवसरमा संयुक्त राष्ट्र संघ र बुद्धजयन्ती समोरोह समितिको तत्त्वाधानमा आयोजना गरिएको सो कार्यक्रममा भिक्षु कोलितले धर्मदेशना गर्नुभएको थियो । उक्त समारोह भिक्षु धम्मपालमा सभापतित्वको सम्पन्न भएको थियो । त्यस सभामा भिक्षु कोण्डन्य, भिक्षु कोलित लगायतले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

शीर्षस्थ नेताहरुद्धारा लुम्बिनीमा
शान्तिका लागि साझा सम्झौता

जेठ ६ गते ।

नेकपा (माओवादी)का अध्यक्ष प्रचण्ड, नेकपा (एमाले)का महासचिव झलकनाथ खनाल, मधेशी जनअधिकार फोरमका संयोजक उपेन्द्र यादव एवम् सभासद् दिपकुमार उपाध्याय लगायतले लुम्बिनीस्थित असोक स्तम्भ अगाडि शान्तिमा लागि प्रतिबद्धता जनाएका थिए ।

भियतनामी बुद्ध विहारका प्रमुख डा. लामद्वारा आयोजित सो कार्यक्रममा "जुधेर होइन जुटेर" जाऔ भन्ने सन्देश सम्पूर्ण पार्टीका शीर्षस्थ नेताहरूले मनन गरेका थिए । स्मरणीय रहोस्, यसरी लुम्बिनीमा शीर्षस्थ नेताहरू पुगेर सामूहिक प्रतिबद्धता गरेको यो पहिलो अवसर हो ।

२४ फिट उचाई भएको चैत्यको अनावरण

२०६५ जेठ ७ गते ।

भगवान बुद्धले सदा आफूभन्दा अरूको जीवनको उपकारका लागि मध्यम मार्ग अपनाउनुभएको कुरा सभासद् नरेन्द्रराज जोशीले बताउनुभएको छ । आफ्ना दिवंगत माता र पिताको पुण्यस्मृतिमा स्थापना गरिएको एक चैत्य अनावरण कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो ।

बखतबहादुर चित्रकार र उहाँको परिवारजनबाट आफ्नो यथा श्रद्धामा इन्द्रायणी नदीको किनारमा २४ फिट उचाइ भएको डेढ लाखको लागतमा चैत्य निर्माण गरिएको छ । इन्द्रायणी नदीमा बढ्दै गएको फोहरलाई घटाउनु र दाह संस्कारका निमित्त आउने शोकाकुल परिवारलाई सान्त्वना दिने उद्देश्यका साथ स्थापना गरिएको हो । सो सभाको सभापतित्व वीर्यवती गुरुमाले गर्नुभएको थियो ।

### आनन्दकुटीमा बुद्धजयन्ती सम्पन्न

जेष्ठ ७ गते

२५५२ औं बुद्धजयन्ती समारोह, जेष्ठ १ गते देखि एक हप्ते निशुल्कः स्वास्थ्य शिबिरका विविध धार्मिक क्रियाकलापका साथ स्वयम्भू स्थित आनन्दकुटी विहार परिसरमा सम्पन्न भएको छ।

बुद्ध जयन्तीका दिन बिहानको कार्यक्रममा बौद्ध परम्पराअनुसार शील समादानपश्चात बुद्ध पूजा, धार्मिक प्रवचनकासाथ दान-प्रदान र रेयुकाईको संयोजकत्वमा रगत दान कार्यको पनि सम्पन्न भएको थियो। उपस्थित भक्तजनलाई क्षीर भोजन दान-प्रदानका साथ विविध धार्मिक क्रियाकलाप गरी सम्पन गरिएको थियो। उक्त दिनमा बुद्धको पवित्र अस्थिधातु सर्ब साधारणलाई दर्शनार्थका लागि पुरै दिन व्यवस्था गरिएको थियो।

सोही दिन आयोजित बौद्ध सार्वजनिक कार्यक्रमका प्रमुख सभामुख सुवास नेवाङ्ग अतिथि गहमन्त्री कृष्णप्रसाद सिटौलाले बुद्धको उपदेशबारे बोल्नुभयो। श्रीलंकाली राजदूत सुमिथ नाकण्डलले पनि बोल्नुभएको सो समारोहमा अ.ने.भि. महासंघका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यकममा बुद्धजयन्ती समाहरो समितिका उपाध्यक्ष भिक्षु कोण्डन्य, बुद्धजयन्ती समाहरो समितिका महासचिव संघ रत्न शाक्य, लगायत व्यक्तित्वले आफ्ना आफ्ना मन्तव्य राख्नुभएका थियो।

### विश्वशान्ति विहारमा बुद्धजयन्ती मनाइयो

जेष्ठ ७ गते,

२५५२ औं बुद्धजयन्तीको दिनको कार्यक्रमअर्न्तगत बिहान बिभिन्न बाजागाजाका साथ बिभिन बिद्यालयका बिद्यार्थीहरू तथा शिक्षक शिक्षिकाहरूको सहभागितामा बुद्धमूर्तिलाई रथमा राखी नगर परिक्रमा गरी पुनः बिहारमै आई धार्मिक सभामा परिवतर्न भएको थियो। सो समारोह भोजपुर टक्सार शाक्य समाज ललितपुर, चैनपुर शाक्य समाज र टक्सार सेवा समाज काठमाडौंको संयुक्त आयोजनामा मीन भवनस्थित विश्वशान्ति बिहारमा बुद्धपूजा तथा धार्मिक प्रवचन गरी सम्पन्न भएको थियो।

समारोहमै जेष्ठ ६ गते "बुद्धको शान्ति सन्देश आवाजको अपरिहार्यता" बिषयक बक्तृत्वकलामा सफल सहभागीहरूलाई समारोहका सभापति भिक्षु बोधिज्ञानले प्रमाण पत्र तथा पुरस्कार वितरण गरिएको थियो। कार्यक्रमको सञ्चालन शाक्य समाज टक्सारका सचिव श्री प्रदिप शाक्यले गर्नुभएको थियो।

### साप्ताहिक धर्म प्रवचन सम्पन्न

७ जेष्ठ, २५५२ औं बुद्ध पूर्णिमाको शुभअवशरमा मातातीर्थ चतुब्रह्मा बुद्ध विहारका उपासक उपासिकाको पूर्ण दायकत्वमा किसिपिडी गाउँमा साप्ताहिक धर्मप्रवचन सुसम्पन्न भएको छ। कार्यक्रममा भिक्षु राहुल, भिक्षु कोण्डण्य, भिक्षु भद्दिय, भिक्षु धर्ममूर्ति, भिक्षु पञ्चारत्न, भिक्षु सुःख तथा भिक्षु अशोकबाट जेष्ठ १ गते देखि ७ गतेसम्म प्रवचन गरिएको र बुद्ध पूर्णिमाको दिनमा समस्त उपासक उपासिकाहरूलाई खीरदानको गरिएको थियो।

### साई केन्द्रमा पनि बुद्धजयन्ती मनाइयो

जेठ ७ गते।

बुद्धको सद्धर्मलाई धार्मिक सहिष्णुताको रूपमा सबैले अनुकरण गर्नुपर्ने कुरालाई जोड दिँदै काठमाडौंस्थित साई केन्द्रमा पनि यस पालिको २५५२ औं बुद्धजयन्ती सम्पन्न भएको छ।

काठमाडौं क्षेत्रीय साई संगठनको आयोजनामा सम्पन्न सो कार्यकममा फणीन्द्ररत्न बज्राचार्य, लामा गुरु र भिक्षु कोणडन्यले आ आफ्नो मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा सत्यसाई केन्द्रका विद्यार्थीहरूले महासत्व जातकको एकांकीको नाटक प्रस्तुत गरेका थिए।

### तानसेनमा बुद्धजयन्ती मनाइयो

२०६५, जेठ ७ गते

२५५२ औं बुद्धजयन्ती मूल समारोह समितिको कार्य्रकम तथा धर्मचक युवा संघ बडिज्ञान टोल, तानसेन पाल्पाद्वारा आयोजित दृष्टि विहीन विद्यार्थीहरूलाई भोजन दान तथा बुद्धका उपदेशहरु विद्यार्थीसमक्ष पुऱ्याउने कार्यकम दमकडा उच्च मा.वि. मा सम्पन्न भयो। उक्त कार्यकमको विधिवत उद्‌घाटन दृष्टिबिहीन विद्यार्थी कुमारी फालले पानसमा बत्ती बाली गर्नुभएको थियो। उक्त कार्यकमका सभापति संघका अध्यक्ष उत्पल कुमार बज्राचार्य हुनुहुन्थ्यो भने प्रमुख अतिथिको आसन ग्रहण २५५२ औं बुद्ध जयन्ती मूल समारोह समितिका उपाध्यक्ष

तथा समाजसेवी, विद्वान छत्रराज शाक्यज्यूले गर्नुभएको थियो । यस्तै गरी अतिथिको आसनमा धर्मचक्र युवा संघका संस्थापक अध्यक्ष अनन्त कुमार बज्राचार्य, यसै युवा संघका निवर्तमान अध्यक्ष राजेन्द्र बहादुर बज्राचार्य, दमकडा उच्च मा.वि.का अध्यक्ष हरि सुमर रेग्मी, दमकडा उच्च मा.वि.का प्राचार्य दुर्गा प्रसाद अर्याल, दृष्टि बिहीन शिक्षक कृष्ण प्रसाद पराजुली, पूर्व जि.वि.स.पाल्पाका सभापति श्री प्रेमनाथ बस्याल तथा यस कार्यक्रमका संयोजक संजय राज शाक्यज्यूले आ-आफ्नो मन्तव्य दिनुभएको थियो । उक्त कार्यक्रममा दृष्टि बिहीन विद्यार्थीको तर्फबाट टेक नारायण पाण्डेले आफ्नो मन्तव्य राख्नुभएको थियो । यस कार्यक्रममा दृष्टि बिहीन विद्यार्थीहरूद्वारा स्वागत गीत तथा अन्य गीतहरु पनि प्रस्तुत गरिएको थियो ।

### पोखरामा बुद्धजयन्ती सम्पन्न

जेठ ७ गते ।

बुद्ध सम्वत राष्ट्रिय सम्वत भएकाले यसको उचित संरक्षण हुनुपर्ने कुरा उल्लेख गर्दै भुपू प्रधानमन्त्री शेरबहादुर देउवाले अब (अर्को) नयाँ नेपालमा यस विषयमा थप बहस हुनुपर्ने कुरा उल्लेख गर्नुभएको छ । २५५२ औं बुद्धजयन्तीको पावन अवसरमा कास्की बुद्धजयन्ती समारोह समितिले आयोजना गरेको थियो । सो कार्यक्रममा बुद्धधर्ममा आजीवन सेवा गर्ने प्रज्ञारत्न वज्राचार्य र अकलामाया गुरूङ्गलाई सम्मान गरिएको थियो । कार्यक्रममा भिक्षु जनक र लामा गुरू कर्माले धर्मदेशना गर्नुभएको थियो ।

### धिमेलोहमा बुद्ध जयन्ति मनाइयो

२०६५ जेठ १५ गते

धिमेलोह टोलमा नवनिर्मित बुद्ध मन्दिर परिसरमा २५५२ औं बुद्ध जयन्तीको अवसरमा संयुक्त क्लबको आयोजनामा बुद्ध पूजा कार्यक्रम सम्पन्न भएको छ । संयुक्त क्लबको अध्यक्षको सभापतित्वमा सम्पन्न भएको सो सभामा प्रमुख अतिथि बौद्ध विद्वान वज्रयान महासंघका अध्यक्ष राजेन्द्रमान वज्राचार्यबाट पानसमा बत्ती बाली कार्यक्रम सुरुवात भएको थियो । सो कार्यक्रममा अतिथिको रुपमा पाल्नु हुने संयुक्त क्लबका सल्लाहकारहरु हरिप्रशाद वैद्य, रत्ननारायण न्हजवा सायमी, रा.खे.पा.का सदस्य यस कार्यक्रमका प्रमूख अतिथि बौद्ध विद्वान राजेन्द्रमान वज्राचार्यद्वारा शाक्य मुनि बुद्धको संक्षित जीवनी पञ्चशील, दशपारमिता प्रतित्युत्य समुत्पाद र चित्त सम्बन्धि बौद्ध प्रवचन दिनु भएको थियो ।

कार्यक्रममा क्लबमा अध्यक्ष शारदामुनि वज्राचार्यद्वारा आउनु हुने महानुभावहरुलाई आफ्ना मन्तव्य राख्नुका साथै पाल्नु हुन र सहयोग गर्नु हुने सहयोग गर्नु हुने महानुभावहरुलाई धन्यवाद ज्ञापन दिदै कार्यक्रम समापन भएको थियो ।

### शोक सभा सम्पन्न

२०६५/ जेठ २४ गते

बुद्ध विहार भृकुटीमण्डप विहारमा कोषाध्यक्ष पदमाआसीन भई सेवा गर्नुभएका जुलुम कृष्ण शिल्पकारको यही २०६५ बैशाख २० गते दिवंगत भयो । उनको सुगति कामना गर्दै परित्राण-पाठ सम्पन्न भएको छ ।

बुद्ध विहार संरक्षण समितिको आयोजनामा सम्पन्न सो कार्यक्रमा सभापतिको पद भिक्षु धम्मशोभन महास्थविर हुनुहुन्थ्यो भने कार्यक्रममा दिवंगत शिल्पकारको सुपुत्र संजीव शिल्पकार र राजिव शिल्पकार पनि उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रममा भिक्षु कोण्डञ्य, अनागारिका धम्मवत्ति र मोतिलाल शिल्पकारले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

### युवा बौद्ध समूहको सधारण सभा सम्पन्न

जेठ २५ गते ।

नेपालमा थेरवाद बुद्धधर्मको विभिन्न ठाउँ ठाउँमा गएर प्रचारप्रसार गर्ने हेतुले स्थापना गरेको युवाहरूको समूह युवा बौद्ध समूहको ८ औं सधारण सभा सम्पन्न भएको छ ।

विभिन्न विषयवस्तुमा छलफल गरी सम्पन्न भएको उक्त कार्यक्रममा १३ सदस्यी नयाँ कार्यसमितिको चयन गरियो । जसअनुसार अध्यक्षमा त्रिरत्न मानन्धर, उपाध्यक्षमा त्रिरत्न तुलाधर र राजा शाक्य, सचिवमा मदनबहादुर तुलाधर, सहसचिवमा रजनी ताम्राकार, कोषाध्यक्षमा तेजनारायण मानन्धर, सदस्यहरूमा धर्मशील

शाक्य, राजु शाक्य, निर्मला कंसाकार, युरीकाजि कंसाकार, ठूलो राजा शाक्य, जुजु भाई तुलाधर र विजयरत्न तुलाधर हुनुहुन्छ ।

**भिक्षु महासंघको पुनर्गठन**

२५ जेठ, काठमाडौं ।

अखिल नेपाल भिक्षु महासंघको १५ औं साधारण सभासंगै भिक्षु बोधिसेन महास्थविरको अध्यक्षतामा १५ सदस्यीय कार्यकारिणी सदस्यहरूको मनोनयन गरी सम्पन्न भएको छ । पहिलो शेसन बुद्धपूजा तथा आपत्ति देशनबाट सुरू भएको सो सभामा अ.ने.भि. महासंघका कोषध्यक्ष एवं नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले महासंघ तथा ने. बौ. प. शिक्षाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । अ. ने. भि. महासंघको सचिव भिक्षु कोण्डव्यले प्रतिवेदन प्रस्तुतीसंगै का.का.स.द्वारा पारित संभावित नामावली प्रस्तुत गर्नुभयो । दुतीय सत्रमा वरिष्ठ क्रमबाट मनोनयन गरी चुनावी प्रक्रियामा नजाने उद्देश्यअनुरूप भिक्षु बोधिसेन महास्थविरको अध्यक्षतामा निम्न दहायबमोजिम उपाध्यक्ष भिक्षु शीलभद्र, सचिव भिक्षु धर्ममूर्ति सहसचिव भिक्षु राहुल, कोषाध्यक्ष भिक्षु शोभित, का.का.सदस्यमा क्रमशः भिक्षु गुणघोष, भिक्षु धम्मसोभन, भिक्षु धर्मपाल, भिक्षु धर्मगुप्त, भिक्षु सद्धातिस्स, भिक्षु कोलित, भिक्षु बोधिज्ञान, भिक्षु मिलिन्द, भिक्षु संघरक्षित, भिक्षु चन्द्रकीर्ति मनोनित हुनुभएको छ ।

## बुद्धजयन्तीमा को कहाँ ?

| क्र.सं. | स्थान | नाम |
|---|---|---|
| १ | उदयपुर | भिक्षु निग्रोध, श्रामणेर जयन्तो, श्रामणेर अभयो |
| २ | नारायणघाट | श्रामणेर नेमिन्दो, श्रामणेर सुञ्ञाणालंकार |
| ३ | बुटवल | श्रामणेर धर्मघोष, डा. लक्ष्मण शाक्य |
| ४ | रिडी, गुल्मी | श्रामणेर जोतको, श्रामणेर सुचिरो |
| ५ | रानीपानी, काभ्रे | श्रामणेर पभस्सरो, श्रामणेर अनुत्तरो |
| ६ | धनगढी | भिक्षु विमलो, भिक्षु आदिच्च |
| ७ | बेनी, म्याग्दी | भिक्षु उत्तमो, भिक्षु अभिजात |
| ८ | धरान | भिक्षु नायको |
| ९ | वामी टक्सार, गुल्मी | श्रामणेर इन्द्रियो,: श्रामणेर पुञ्ञवन्तो |
| १० | गोरखा | भिक्षु जुतिमा, श्रामणेर बुद्धपियो |
| ११ | पोखरा | भिक्षु जनक, श्रामणेर तेजको, श्रामणेर भावितो |
| १२ | धर्मस्थली | श्रामणेर आदिच्चो, श्रामणेर विमलो |
| १४ | विरगंज | भिक्षु उपतिस्स, भिक्षु सुमनकीर्ति |
| १५ | हेटौंडा | भिक्षु विमलकीर्ति |
| १६ | विराटनगर | भिक्षु गौतम |